Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४३, २०७९ साल जेठ २४ गते मंगलबार (Jun 7, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

## काठमाडौ महानगरपालिकाभित्र फोहोर माथिको राजनीति कहिलेसम्म ?

**- मोहन कार्की,**

काठमाडौ । काठमाडौ महानगर पालिका भित्र यतिवेला फोहोर गन्हायर बसिसक्नु छैन भने बाटोमा हिड्ने मानिसहरुलाई समेत फोहोरको गन्धले उल्टी हुने बनाएको छ । यो फोहोर जति धातक छ । त्यतिनै नेपालका राजनीतिक पार्टीहरुको फोहोरमाथि अन्तर कुनावाट गर्ने फोहोरी राजनीति त्यो फोहोरको गन्धभन्दा कयौ गुना देश र जनता विरोधी छ ।

देख्दा राजनीतिक पार्टीहरुको दोश बाहिर नदेखिएपनि भित्री रुपमा राजनीतिक पार्टीको संगठनमा आवद्ध कार्यकर्ताहरुले वेला वेलामा नजायज माग राखेर गरिने हडताल, बन्द, अवरोध जस्ता कामहरुले देशको राजधानि समेत रहेको काठमाडौ महानगरपालिका प्रभावित गर्ने गरेको छ । त्यो काम राजनीतिक पार्टीका कार्यकर्ता फिल्डमा देखिएपनि त्यसको मुल साचो केन्द्रीय नेताहरुको निर्देशन अप्रत्यक्ष हुने गरेको छ । चाहे त्यो सरकारमा रहेको पार्टी होस् वा सरकारभन्दा बाहिर रहेको नै किन नहोस् । यस्ता अवरोध गर्ने काममा यिनै नेताहरुको संलग्न भएको देखिन्छ ।

त्यसकारण यो समस्याको जड राजनीतिक पार्टीहरुनै हुन् । उनिहरुको



सोच जनतालाई सेवा सुविधा दिने छैन भन्ने नै देखाउछ । नभए वेलावेलामा हुने यस्ता अवरोधका गतिविधि किन भइरहन्छन् । काठमाडौको सिसडोलमा फोहोर फाल्न ल्याण्डफिल्ड साइड बनाइएको छ । उक्त क्षेत्रमा ल्याण्डफिल्ड साइड बनाउन त्यतिवेला नै नेपाल सरकार, कठमाडौ महानगरपालिका, त्याहाको स्थानीय निकायसँग सम्झौता भएर नै त्यतिवेला काम शुरु भएको थियो । त्यो वेला शुरु भएको काम र सम्झौताको आधारमा नै ति क्षेत्रहरुमा सडक, हस्पितल, त्यहाका स्थानीयलाई प्रथामिकतामा राखेर अवसर दिइएको कुरा उल्लेख छ । त्यति हुदाहुदै पनि वेलावेलामा कुन पार्टीको सरकार सत्तामा छ । कुन पार्टीको मेयर महानगरमा छ । त्यसलाई असर पुऱ्याउन के के गर्नुपर्छ जस्ता कुराहरु हेरेर पछाडी कुनामा वसेर योजना बनाउदै आम मानिसको स्वास्थ्यको असर पार्ने फोहोर माथिको राजनीति काठमाडौ महानगरपालिकामा पनि भएको छ । यो समस्याको सावधान राजनीतिक पार्टीले इमानदारिता देखाएर आफ्ना कार्यकर्तालाई अवरोध नगर्न निर्देशन नदिएसम्म सावधान हुने देखिदैन । जसको कारणले काठमाडौमा बसोबास बासिन्दा र देशका सवैक्षेत्रवाट अएर काठमाडौमा बसोबास गर्ने आम नेपालीहरुलाई स्वस्थ्यमा विभिन्न खालका रोग उत्पन्न हुने देखिन्छ ।

**विकल्प अपनाउन नसक्दा समस्या ज्यूका त्यु ।**

यस्ता फोहोरको समस्या सावधान गर्न काठमाडौ महानगरपालिकाले टेकुमा विगतमा नै फोहोर प्रशोधन गरेर १० मेगावाट विधुत उत्पादन गर्ने विकल्पहरु सार्वजानिक भएका थिए । यस्ता विकल्पहरु सावजानिक भएको भएपनि कार्यन्वयनमा आएनान् । मेयर विद्यासुन्दर शाक्यको ५ बर्षे कार्यकाल त्यतिकै वित्यो ।

बाँकी ६ पृष्ठमा

## तत्काल मन्त्री परिवर्तन नगर्ने सहमति

काठमाडौं । सत्ता गठबन्धनको शीष नेताहरूको बैठकले तत्काल मन्त्री परिवर्तन नगर्ने निर्णय गरेको छ । सोमबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनका शीर्ष नेताहरूले बैठकले तत्काल मन्त्री नफेर्ने सहमति गरेका हुन् । बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जसपा अध्यक्ष उपेन्द्र यादव सहभागी थिए । अहिले संसदमा बजेटबारे मन्त्रालयत छलफल हुने र त्यहाँ



मन्त्रीहरूले जवाफ दिनुपर्ने भएकाले तत्काल मन्त्री नफर्ने सहमति भएको जनाएको छ । नेकपा एकीकृत समाजवादीको सचिवालय बैठकले सरकारमा सहभागी सबै मन्त्रीलाई फिर्ता बोलाएर नयाँ पठाउने निर्णय गरेको थियो । सोही आधारमा आइतबार मन्त्रीहरूलाई फिर्ता बोलाउँदै नयाँ नाम सिफारिस गरेको थियो । प्रधानमन्त्रीले बजेटमाथि मन्त्रालयगत छलफल हुने बेला मन्त्री फेरबदल गर्न नसकिने बताएका थिए । सोही आधारमा गठबन्धनमा तत्काल मन्त्री नफेर्ने सहमति जुटेको हो । समाजवादीले नयाँ मन्त्रीको रुपमा जीवनराम श्रेष्ठलाई संस्कृति, पर्यटन तथा नागरिक उययन, मेटमणि चौधरी सहरी विकास, शेरबहादुर कुँवरलाई श्रम तथा रोजगारमन्त्रीमा पठाउने निर्णय गरेको थियो । स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री रहेका भवानी खापुङलाई स्वास्थ्यमन्त्रीमा बढुवा गरेर प्रधानमन्त्रीलाई नाम सिफारिस गरेको थियो । स्वास्थ्य राज्यमन्त्रीमा हिरा केसीलाई पठाउने निर्णय गरेको थियो ।

## नेपाल वनस्पति ध्यु तेल उत्पादक संघको बजेटप्रति असन्तुष्टि

काठमाडौं । सरकारले आगामी आर्थिक वर्ष २०७९ र ८० को बजेटमा




गरेको नीतिगत व्यवस्थाप्रति नेपाल ध्यु तेल उत्पादक संघले असन्तुष्टि ब्याक्त गरेको छ । उसले मिति: २०७९ जृठ २२ गते म्यारिट होटलमा पत्रकार सम्मेलन गरेर उक्त असन्तुष्टि रहेका बुदाहरु सार्वजानिक गरेको हो ।

उक्त तेलसँग सम्बन्ध रहने बिस्कुट उत्पादक संघले भने बजेटको स्वागत गरेको छ । यसले एउटै भवनमा अफिस चलाउदै आएका नेपाल बनस्पति ध्यु तेल उत्पादक संघ र विस्कुट उत्पादक संघका एका अर्कामा बाजिने गरी विज्ञप्ति सार्वजानिक भएका छन् ।

बजेट सार्वजनिक भएको केही दिनमै दुवै व्यवसायिक संस्थाले प्रेस विज्ञप्ति जारी गर्दै विस्कुट उत्पादक संघले बजेटको प्रशंसा गरेको छ भने अर्को संस्थाले आलोचना गरेको छ । बिस्कुट उत्पादक संघले बजेटमा भन्सार शुल्क घटाएको भन्दै स्वागत गरेको छ भने नेपाल बनस्पति घ्यू तेल उत्पादक संघले सरकारको उक्त नीतिले उद्योग नै संकटमा पर्ने भन्दै तत्काल सो व्यवस्था खारेज गर्न माग गरेको छ । नेपाल बिस्कुट उत्पादक संघले स्वदेशी उद्योगको उत्थानका लागि सरकारले गरेको सकारात्मक निर्णयले बिस्कुट उद्योगी उत्साहित भएको जनाएको छ । संघका महासचिव विक्रम कर्माचार्यले बिस्कुट उत्पादन गर्दा चाहिने पाम आयल र पामोलिनलगायतका कच्चा पदार्थको उत्पादन नेपालमा नहुँदा आयात गर्नुपर्ने बाध्यता रहेको बताए । बजेटमा बिस्कुट उद्योगले आयात गर्दै आएको कच्चा पदार्थ आयातमा पाँच प्रतिशत भन्सार महसुल र विदेशबाट बिस्कुट आयात गर्दा अन्त:शुल्क १५ प्रतिशत लाग्ने व्यवस्था गरिएको छ, 'यो व्यवस्थाले स्वदेशी बिस्कुट उद्योगको संरक्षण गर्नुपर्छ भनी सकारात्मक सन्देश पाएका छौं', उनले भने । उनले सरकारको उक्त निर्णयले स्वदेशी उद्योगले

बाँकी ६ पृष्ठमा


## बाजुराको बुढीगंगा नगरपालिकामा निर्वाचनको तयारी

काठमाडौं । बाजुराको बुढीगंगा नगरपालिकामा गत बैशाख ३० गते स्थानीय तहको निर्वाचन विवादित




पछि रोकीएको चुनाव अब हुने भएको छ । केही स्थानमा नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताहरुले बुथ कब्जा गरेर मतदान गरेको आरोप लागेपछि मतगणना हुन सकेको थिएन । त्यहाँ खटाइएको निर्वाचन अधिकृत नै फेरिएका छन् भने नेपाल प्रहरी र सशस्त्र प्रहरीको नेतृत्व पनि नयाँलाई दिइएको छ । चुनाव यहि जेठ महिनाभित्रै गर्ने तयारी निवार्चन आयोगले थालेको छ । त्यस्तै, प्रमुख जिल्ला अधिकारी (सिडियो) पनि परिवर्तन गरिएको

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपालको विकासमा बहानावाजी बन्द गरौं

नेपाल देशको विकास गरेर विश्वको विकसीत राष्ट्रको तुलनामा पुग्ने छ भनेर भाषण गर्ने र नक्कली कुरा गर्नेहरु राजनीतिक पार्टीका नेता र सरकारमा पुगेका तिनै पार्टीवाट मन्त्री, प्रधानमन्त्री बनिसकेका, समाजमा के के नामका संस्था खोलेर समाजसेवी बनि टोपलेका, न्याय क्षेत्रमा कामगरिरहेका कानुन विज्ञ भनाउदाहरु मानव जिवनको लागि रक्षा गर्ने भन्दै मानव अधिकारका लागि काम गर्ने संस्थाहरु लगायतले अन्तरष्ट्रियस्तरमा वा नेपालमानै किन नहोस् । बोल्न पाएभने नेपालका नेपाली जस्तो विकासवादी कोही रहेनछ भन्ने भान उनिहरुको भाषण सुन्नेहरुलाई पार्ने गर्छन् ।

तर ब्यवहारमा हेर्ने हो भने विकासको नाममा आएका योजना, परियोजनाका कामहरुमा यिनै माथि उल्लेखित ब्यात्तिहरु अवरोधका लागि अगडी पुग्ने गरेका छन् । बोल्छन् एयटा गर्छन् अर्को ।

यस्ता वोल्ने एउटा गर्ने अर्को दुईथरी चरित्र देखाएर काम गर्दा विश्वका विकसीत राष्ट्रको तुलनामा पुग्ने नेपालको लक्ष्य पुरा हुन सक्दैन ।

त्यस्तै भएको छ । नेपालको निजगढमा बन्न लागेको अन्तराष्ट्रिय दोस्रो विमानस्थल बनाउदा वातावरणमा असर पर्ने भनेर कानुनी क्षेत्रमा वकालत गर्दै आएका दुइजना ब्यात्तिले मुद्दा हालेकै भरमा सर्वोच्च अदालतले उक्त अन्तराष्ट्रिय दोस्रो निजगढ विमानस्थल देशको त्यतिधेरै खर्च भइसकेको त्यसै अन्तराष्ट्रिय विमानस्थललाई लक्षित गरेर १ खर्वभन्दा बढी लगानी गरेर बनाईरहेको फास्ट टूयाक निर्माणकै क्रममा छ । भने मुअब्जा समेत वितरण गरेर विमानस्थल परियोजनाले ३ अर्वभन्दा बढी रकमा खर्च गरिसकेको छ । यस्तो वेलामा सर्वोच्चको निर्णयले नेपालको विकासमा ढुङ्गा प्रकार गरेर गरेको छ । नेपालको विकासमा हिलो छ्यापेको छ । नेपाललाई पछाडी धकेल्ने काम गरेको छ ।

यस्ता बहानावाजीहरु विगतमा पनि हुने गर्दथे तर प्रकाशमा आउदैनन् थिए । त्यो जड अहिलेसम्म रहेको देखिन्छ । यो निजगढको घटनावाट देशमा परिवर्तन भएको मानिदैन । तर विगतमा गुमराहमा रहने देश विरोधी घटना अहिले प्रकाशमा आउने गरेका छन् ।

ब्यस्था जतिवटा परिवर्तन भएपनि सोच संरचना, सयन्त्र सवै पुरानै र विशेष गरेर प्रजातन्त्र आफैमा नराम्रो ब्यवस्था नभएपनि त्यस ब्यवस्था भित्र छिराएर पठाइएका विदेशी निर्देशनमा काम गर्ने देशका महत्वपुर्ण अङगहरुमा छिरेर नेपाल देशको हित विपरित काम गर्दै आएको निजगढ विमानस्थल निर्माणमा रोक लागेको घटनाले छर्लङ देखिन थालेको छ ।

यस्ता विकास विरोधी र देश विरोधी कार्य गर्नेहरुलाई अरु औषधीले काम गर्दैन त्यसकारण जनताको जनआन्दोलन शान्तिपुर्ण आन्दोलनको आवश्यकता पर्ने देखिन्छ ।

त्यो आन्दोलन गरेर प्राप्त गरेको उपलब्धिलाई विकास विरोधी संयन्त्र भत्काउने, राज्यका महत्वपुर्ण ठाउँहरुमा पुगेर राष्ट्र विरुद्ध नै काम गर्नेहरुलाई कडा कानुनी सजायको ब्यवस्था गर्ने, राष्ट्रिय गौरवका आयोजना र देशले विकास बर्षहरु मनाउने, त्यो समयमा कुनैपनि ठाउँमा विरोध,बन्द, अवरोध गर्न नदिने र लाखौ लाख विदेश गइरहेका नेपाली जनतालाई आ□नै देशमा ठुला ठुला परियोजना, कल कारखान खोल्ने, विधुत निर्माण गर्ने उधोग खोलेर काम गर्ने उधोगीलाई सस्तोमा विधुत प्रदान गर्ने यीनै कामहरु गरेर लाखौ लाख नेपालीहरुलाई रोजगार सृर्जना गर्ने नीति निर्माण गर्न सक्षम नेतृत्व यो नेपालले खोजेको छ ।

त्यो काम शान्तिपुर्ण जन आन्दोलनले मात्र गर्न सक्छ । भएका राजनीतिक पार्टीभित्र सुधार गरेर यो देश र जनताले खोजेको परिवर्तन सम्भव देखिदैन ।

त्यसकारण देश र जनतालाई सधै बहानावजी देखाएर विश्वासमा लिदै साशनसत्ता हातमा लिएर सत्ताको दुरुपयोग गर्दै देश र जनता विरोधि काम गर्ने र न्यायिक क्षेत्रमा त्यही सत्तामा रहेकाको साथ लिएर राजनीतिक नियुक्त बुझेर देश र जनताको विरुद्धमा फैशला गर्ने बहाना बाजीको अन्त्य खोज्नुपर्ने देशको आजको आवश्यकता भइसकेको छ ।

यस्ता देश विरोधी बहानावाजी सधाका लागि अन्त्य गरौ । देशको हितमा सवै सजग बनौ । अध्यारो कोठावाट खेलिएका सवै खालका षयन्त्रलाई परास्त गरौ ।

# सक्षम नेताका मुख्य लक्षण

टीका भट्टराई

अनवर होजा मुसलमान थिए तर उनका अर्थोडक्स क्रिस्चियन मित्रहरू थिए । एक दिन उनी एक क्रिस्चियन मित्रसँग चेस खेल्न बसे । चेस खेल्नुअघि ती पादरी क्रस बनाउँदै ढोग्दै गर्थे । एक पटक होइन, होजाले तीनतीन पटक हारे । अनि होजाले सोधे, 'तिमीले हरेक पटक क्रस बनाउँदै ढोग्दै गरेकाले बाजी मारेका हौ कि क्या हो ?' पादरीले भने, 'हो, त्यसैले हो । तर, क्रस बनाउनुभन्दा पहिला चेस खेल्नचाहिँ जान्नुपर्छ ।'

हामी देशको स्थिति बिग्रिएकामा नेताहरूलाई धारे हात लगाउँछौं अर्थात् सधैं उनीहरूको नियतमा प्रश्न गर्छौं तर उनीहरूको क्षमताबारे त्यति प्रश्न गर्दैनौं । हुन त त्यसको उत्तर सीधा र सजिलो छैन तर नेता र उनका वफादार कार्यकर्ताहरू खुसी नभए पनि के कुरा सत्य हो भने, देशको हालत यस्तो हुनुमा उनीहरूको इमानदारी र नियत मात्र होइन, क्षमताको सीमा पनि जिम्मेवार छ ।

सात दलको मार्गचित्रमा सहमत भई राजाले संसद् पुनःस्थापना गरेलगत्तै एक कार्यक्रममा त्यति बेलाका पूर्वमन्त्री नीलाम्बर आचार्यले अब देशको उन्नति तीव्र हुने कुरा गरे । लेखकले प्रश्न गर्‍यो, 'हिजोसम्म ढंग नभएका नेताहरूको क्षमता संसद् पुनःस्थापना हुनासाथ कसरी बढ्छ ?' उनले बहुत पेचिलो प्रश्न हो भन्दै वैदेशिक सहयोग आउने, अन्तर्राष्ट्रिय समर्थन भएको आदि कारणले सफल हुनेजस्ता उत्तर दिए । दुई दशक बित्न लाग्दा पनि यो प्रश्न मरेको छैन । यथार्थमा नेता मात्र होइन, राज्य सञ्चालनमा संलग्न अरूहरूको पनि क्षमता बढेन । खास गरी कर्मचारीतन्त्रको । न त नागरिक समाज, गैरसरकारी संस्था र निजी क्षेत्रकै बढ्यो । अरूको क्षमता पनि नबढेकाले नेताहरूलाई सुनि दबाब नै पनि परेन नेता र जनता परस्पर रिझ्याइँमै रमाए । नेता भ्रष्ट भए भनेर गुयी हाक्नेले नै भरमग्दुर प्रयास गरेर नेतालाई आफ्नो कार्यक्रममा बोलाएर माला लगाउँछ । पक्कै पनि राजनीतिमा टिक्न सत्तामा रहनुपर्छ तर सत्तामा रहेर काम गर्ने क्षमता नेतामा रहेन ।

क्षमता के हो ?

सामान्यतः कुनै काम गर्ने सम्भावित उम्मेदवार हुन विचार गरिने पक्षलाई योग्यता भन्ने गरिन्छ भने, छानिने र छानिएपछि गर्न सक्ने कार्य प्रदर्शनलाई क्षमताका रूपमा बुझ्न सकिन्छ । यस अर्थमा भइसकेका नेतालाई योग्यताको कुरा गर्नुपरेन । उनीहरूको क्षमताको कुरा गर्नुपर्‍यो । पहिले हुनेवाला नेताको कुरा गरौं ।

उनीहरूको योग्यताकै कुरा गर्नुपर्‍यो । बेलाबेलामा नेतृत्वका लागि उम्मेदवार हुन औपचारिक शैक्षिक योग्यताको कुरा उठ्ने गर्छ । विश्वभरि नै कुनै न कुनै किसिमको विधायिका संसद् रहन्छ र त्यो राष्ट्रिय राजनीतिको नीति निर्णायक अंग हो । त्यसैको सदस्य हुने सन्दर्भमा योग्यताको कुरा गरौं । सामान्यतः सांसदको महत्व र गरिमालाई हेरेर न्यूनतम योग्यता स्नातक हुनुपर्ने कुरा गरिन्छ । भारतमा नेतृत्वको योग्यताको कुरा गर्दा भारतीय राजनीतिशास्त्र संघका प्रा. अञ्जनकुमार भान्जा भन्छन्, 'नेतृत्वले शिक्षा प्राप्त गरेमा दुष्ट प्रवृत्तिका र छट्टू कर्मचारीको फन्दामा पर्नुपर्दैन जसले जनतामा पुग्ने काममा बाधा पुर्‍याउँछन । शिक्षाले चुनौतीहरूको आकार र समाधानको क्रमको पूर्वदृष्टि दिन्छ र वादविवादमा तर्कपूर्ण र अर्थपूर्ण दृष्टिकोण राख्ने क्षमता बढाउँछ ।' तर विश्वमै उच्च औपचारिक शिक्षा भएका राजनीतिक नेतृत्वहरू रहेको सिंगापुरमा पनि सांसद हुन औपचारिक शिक्षा न्यूनतम योग्यतामा राखिएको छैन । नेपालको पञ्चायती संविधानमा सुरुमा राष्ट्रिय पञ्चायतमा चार जना स्नातकबाट निर्वाचित गर्ने प्रावधान थियो जसमा चारै जना इतर पक्षका निर्वाचित भएर पछि त्यो प्रावधान हटाइयो । तरोताजा स्नातकले केही कुरा बुझेको हुन्छ । उसको सपना हुन्छ, जोस हुन्छ, उसको गुमाउने कुरा पनि हुँदैन । ऊ देखेको कुरा भन्छ । त्यो ऐतिहासिक कुराले संसद्मा शिक्षित र युवाको आवश्यकता महसुस गरिएको संकेत भने गर्‍यो । दलीय युगमा सायद शिक्षित पर्याप्त भएर यसबारे खासै छलफल भएन ।

यस पंक्तिकारले थाहा पाएका बेलासम्म दलहरूमा दीक्षा हुन्थ्यो, दासत्व हुन्थेन । कांग्रेसीले किन कम्युनिजम काम गर्दैन भन्न मार्क्सवाद पढाउँथे, कम्युनिस्टले किन पुँजीवाद काम गर्दैन भनेर अर्थ(राजनीति पढाउँथे । अहिले दासता र प्रलोभन अनि केही नातावाद नै वफादारीको आधार भएको छ, सिद्धान्तको 'स' सम्म उच्चारण गरिँदैन । पुराना नेतामा सैद्धान्तिक विचलन हुने कारण पनि सिद्धान्तमा दखल भएको पुस्ताले सिद्धान्तबाट नेतालाई विचलित हुन नदिन सैद्धान्तिक दबाब कायम राख्न नसकेर हो । अहिले दलहरूबीचको फरक जातको भन्दा पनि निकृष्ट भएको छ । जुनसुकै बेला जातमा जस्तै शक्ति र पैसाले जुनसुकै दलमा 'पतिया' दिन सक्छ । हेरौं, कति स्वतन्त्र पतिया लिन जान्छन् वा दलहरूले पतिया दिन्छन । दलका दृष्टिमा उनीहरू जात झरिसके ।

अहिले सम्भवतः निर्वाचित हुनुपर्ने जनप्रतिनिधिहरूको न्यूनतम योग्यता तोकिएको विद्यालय व्यवस्थापन समिति (विव्यस) को अध्यक्ष मात्र हो, जसको 'औंठा छाप' भनेर शिक्षककहरू उछित्तो काढिरहेछन । ती बिचरा शक्तिहीन भएर मात्र हो, 'अशिक्षित' भए पनि सांसद र मन्त्रीलाई भने नमस्ते गरेरै बसिरहेका छन । पढेका हौं भन्ने शिक्षककहरूले देशको बिग्रँदो शैक्षिक अवस्थाबारे गोहीको आँसुसम्म चुहाएको भने देखिएको छैन । यस अर्थमा शिक्षामन्त्रीको योग्यता नचाहिने, विव्यस अध्यक्षको चाहिँ चाहिने कुरा पनि विडम्बनापूर्ण नै हो । यद्यपि सम्बन्धित समुदायले त्यसको बेवास्ता गरेर सांकेतिक प्रतिरोध भने गरिरहन्छ । अझै विडम्बना त, कानुनले २०८५ सालसम्ममा साक्षर नभए जनसाधारणलाई सेवाबाट वञ्चित गर्न सक्छ तर अरू राजनीतिक पदका लागि शिक्षाको कुरा गर्दैन ।

के गर्ने त ?

विभिन्न राजनीतिक ओहदामा आउन औपचारिक शिक्षा चाहिने( नचाहिनेबारे अहिले तत्काल गर्न सकिने कुरा छैन तर सामूहिक जनमानसले त्यसको धारणा भने बनाइराख्नुपर्ने हुन्छ । औपचारिक शिक्षाले नै हाम्रो अहिलेको शिक्षाको स्तर हेर्दा क्षमता प्रमाणित पनि गर्दैन । यहाँ अहिलेकै परिस्थितिमा कसरी क्षमतावान् नेता छान्ने भन्नेबारे केही चर्चा गरिन्छ ।

यो काम दुईतीन तहबाट गर्नुपर्ने हुन्छ । सबभन्दा पहिला नेताहरूले मनन गरिदिए सबभन्दा राम्रो हो । अहिले दलमा भाषण गरेर प्रभुत्व राख्न सक्नेहरू मात्र नेता हुन्छन । त्यही नै उनीहरूको क्षमता ठहरिन्छ । उनीहरू राज्यसञ्चालन सम्बन्धी ज्ञानमा अद्यावधिक हुन सक्छन् र अद्यावधिक हुन स्रोतमा पहुँच पनि छ । यद्यपि उनीहरू विज्ञका भन्दा दलका दास विज्ञका कुरा सुन्छन । प्रतिपक्षी दलका विज्ञ वा स्वतन्त्र विज्ञका कुरा सुने राम्रो । हरेक कार्यकारी तहका नेता ( जस्तै : पालिकाप्रमुख, प्रादेशिक मन्त्रीहरू, संघीय मन्त्रीहरू र दलका विभागीय प्रमुखहरू (अद्यावधिक हुन अत्यावश्यक भएका समूहमा पर्छन् भने कमसे कम सांसदहरूले पनि राज्यसञ्चालनका विषयमा अद्यावधिक हुनु आवश्यक छ । थोरै नेताहरूले मात्र यस्तो प्रयत्न गरेको देखिन्छ । सरकारी ढुकुटी खर्च गरेरै सल्लाहकार राख्छन् तर व्यवहार सहायकजस्तो गर्छन । (बरु सहायकलाई सल्लाहकारजस्तो गर्छन्, नेतालाई अरूलाई ठूलो मान्न गाह्रै लाग्छ । त्यसो भए सल्लाह दिने हैसियत भएकै सल्लाहकार राखून ।) यथार्थमा सबैजसो कार्यकारीहरू महत्त्वपूर्णभन्दा तात्कालिक काममै समय बिताइरहेका हुन्छन । बेलाबेला मन्त्री र वडाध्यक्ष, सांसद र वडाध्यक्ष काममा फरक देखिँदैनन । उनीहरूले आफ्नो भूमिका नै बुझेको देखिँदैन । राज्यको स्रोत ल्याएर जनताका आँखामा काम गरिदिने देखिनुमै उनीहरूको ध्याउन्न देखिन्छ ।

नेताले नै गर्नुपर्ने अर्को कुरा हो( नेताको क्षमता निर्माण पद्धति स्थापना गर्ने । त्यो हरेक तहमा गर्नुपर्छ । यो संक्षिप्त र तदर्थ रूपमा मात्र हुने गरेको सुनिन्छरु। नेताले आफ्नो भूमिका पनि थाहा पाउनुपर्‍योरु। उदाहरणका लागि, पालिकाका पदाधिकारीले आलंकारिक प्रोत्साहनका लागि सडक सफा गर्नु ठीकै हो तर उनको काम त्यस्तो पद्धति स्थापना गर्नु र त्यसको अनुगमन गर्नु हो । कुनै कक्षामा शिक्षकले पढाएनन् भनेर जान्ने वडाध्यक्षले आफैं गई पढाएर हुन्छ र ?

तेस्रो जनताले गर्ने कुरो हो । त्यसको खास अवसर चाहिँ चुनावका बेला मात्र आउँछ । क्षमतावान् उम्मेदवारलाई मत दिने । यो पनि दलले नै टिकट दिने बेला विचार गरे राम्रो तर यसो नभएका खण्डमा दलका वफादारहरू दास बन्न छाड्नुपर्छ । घाममा बाहेक छापै लगाउन मन लाग्दैन वा रूखमा बाहेक अन्त हातै जान्न भन्नु दासता नै हो । अहिले धेरै ठाउँमा स्वतन्त्र उम्मेदवारले जितेको कुरालाई लोकतन्त्रका लागि अशुभ पनि मान्ने गरिएको छ तर त्यसलाई लोकतन्त्रको महत्व बुझेको तर दलको अयोग्यता अस्वीकार गरेका रूपमा बुझ्नुपर्छ । यद्यपि स्वतन्त्र उम्मेदवारको नियत र क्षमता दुवै हेरियो कि हेरिएन, समयले बताउनेछ । अब कम से कम भोट हाल्ने लोकतन्त्र खोसिने अवस्था देखिँदैन । लोकतन्त्रलाई लोकतन्त्रजस्तो बनाउने चुनौती लिनुपर्ने हुन्छ । स्थानीय चुनाव सकिए पनि बर्खा बित्नासाथै प्रादेशिक र संघीय चुनाव आउनेछ । तल सक्षम नेताहरूको क्षमता कसरी हेरौं भनेर तिनीहरूको लक्षण खोज्ने कोसिस गरिएको छ ।

सक्षम नेताका मुख्य लक्षण

अध्ययनशील : लिडर्स आर द रिडर्स । पछिल्लो पटक पूरा किताब पढेको समय तीनचार महिनाभन्दा बढी नहोस । लेखन चाहिँ केही अभ्यासको विषय पनि हो तर लेख्ने मानिस सामान्यतः पढ्ने हुन्छन । बेलाबेला लेख्ने गरोस । बेलाबेला सिकाइ(मेला, तालिमहरूमा जाओस ।

भ्रमणशील : भ्रमण एक किसिमको अध्ययन नै हो । गच्छे अनुसार सक्रिय भ्रमण गरेको र गरिरहने होस । उमेरमा कतै पदयात्रा गरेको र पचास कटे पनि केही भ्रमण गरिरहने होस । औकातले नै नभ्याउने अवस्थाबाहेक अरू देशको, कम से कम भारतका उत्तर र दक्षिणको, भ्रमण गरेको होस ।

प्रविधिसाक्षर : अहिलेको अवस्थामा विद्युतीय साक्षरता अनिवार्यजस्तै भएको छ । कम्प्युटरमा आधारभूत सीप जरुरी छ । त्यसै गरी त्यो हैसियतको भए गाडी चलाउन जान्ने होस । साइकल र सिलाइ मेसिन चलाउन जान्नु आधारभूत प्राविधिक सीप हुन ।

धरातलवासी : चुनावकै कुरा गर्ने हो भने, सम्बन्धित क्षेत्रमै बस्ने गरेको र कुनै किसिमको परिश्रम गर्ने योगदान गरेको होस । कसैलाई भनसुन गरेर खानेपानी योजना ल्याउने मात्र होइन, त्यसमा श्रमदान नै गरेको होस ।

उत्पादनशील उद्यमी : इधर का माल उधर गरेर पैसा कमाउनेभन्दा उत्पादनशील काम गरेको आम्दानीमा बाँच्ने होस । उदाहरणका लागि, ट्रक चलाउने व्यवसायभन्दा टायल उत्पादन गर्ने होस । राज्यले दिनुपर्ने सेवाको व्यवसाय (जस्तै : शिक्षा, स्वास्थ्यमा व्यवसाय (नगरेको होस । औषधि वा सर्जिकल सामान उत्पादन गर्नु ठीकै छ ।

सान्दर्भिक वक्ता : भाषण गर्दा विषयवस्तुमा केन्द्रित रहने होस । लामो भाषण नगरोस । नजानेको विषयमा बोल्न नजाओस । भाषण गर्न जानुअघि तयारी गरोस ।

समयपालक : समय पालन गरोस । आफैं पनि डायरी बोक्ने होस् र क्षमतावान् सहायक राखेको होस । कार्यक्रममा समयमा पुग्नु त्यत्तिकै जरुरी छ ।

सत्संगी : क्षमतावान् र इमानदार साथी र सहयोगी भएको होस । नयाँ विद्वान्हरू खोज्नेभन्दा पनि पहिल्यैदेखि सुसंगतमा होस । अक्षम र बेइमान साथी भएका नेताहरूबाट टाढा रहोस ।

उदार तानाशाह : निर्णयमा लोकतान्त्रिक र कार्यान्वयनमा तानाशाह नै होस । निर्णय गर्दा प्रतिपक्षी र सरोकारवालाको राय लिने होस । सक्षम नेतृत्व निर्णय गर्नुपर्ने विषय सार्वजनिक गर्न डराउँदैन । निर्णय भएका विषय निर्मम भएर कार्यान्वयन गर्ने होस । अठोट नेताको महत्त्वपूर्ण गुण हो ।

श्रोता : ज्ञान आर्जन गर्न, फरक दृष्टिकोण थाहा पाउन र व्यवस्थापन गर्न पनि नेता असल श्रोता हुनु जरुरी छ । श्रवण अरूको सम्मानको अभिव्यक्ति पनि हो ।

तीक्ष्ण स्मरणकर्ता : स्मरणशक्ति तीव्र होस । परस्परविरोधी कुरा नगर्ने होस । यो पनि क्षमताको महत्त्वपूर्ण सूचक हो । कान्तिपुर

# जिल्ला समन्वय समिति प्रमुखमा कांग्रेसका भण्डारी निर्विरोध

डडेल्धुरा । जिल्ला समन्वय समिति डडेल्धुराको प्रमुखमा गगनसिंह भण्डारी निर्विरोध चयन हुनुभएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार नेपाली कांग्रेसका तर्फबाट भण्डारीको मात्रै उम्मेदवारी परेपछि उहाँ निर्विरोध चयन हुनुभएको हो । उहाँ नेपाली कांग्रेस अमरगढी नगरपालिका नगर कार्यसमिती उपसभापती हुनुहुन्छ । उहाँ अमरगढी नगरपालिका ७ बाट वडा सदस्यमा निर्वाचित हुनुभएको थियो । उपप्रमुखमा पनि कांग्रेसकै अमृताकुमारी ठडाली मगर निर्विरोध निर्वाचित हुनुभएको छ । उपप्रमुख ठडालीमगर आलिताल गाउँपालिका ८ बाट वडा सदस्यमा विजयी हुनुभएको थियो । जिसस समितिका लागी शुक्रबार निर्वाचन मनोनयनको अन्तिम समयावधिसम्म नौ पदमा नौ जनाको मात्रै उम्मेदवारी परेकाले नेपाली कांग्रेसका सबै उम्मेदवार निर्विरोध चयन हुनुभएको मुख्य निर्वाचन अधिकृत हरिप्रशा शर्मा बाँकी ६ पृष्ठमा

# स्थानीय निर्वाचन नेताका लागि शिक्षा

श्रीप्रसाद प्रसाई

हालै सम्पन्न स्थानीय तहको निर्वाचन परिणाम परिवर्तनकारी सचेत मतदाताका निम्ति अपेक्षित रह्यो भने दलका निम्ति अनपेक्षित । निर्वाचन परिणामले दललाई मात्र होइन योग्य उम्मेदवार छानीछानी मत दिन समस्त मतदातालाई निर्देशित पनि गरायो । निर्वाचन परिणामले एकातिर मतदातालाई उत्साहित गरायो भने अर्कोतर्फ नेतालाई सवक पनि सिकायो । नेताको पकेटका दलीय उम्मेदवार मात्र होइन दलमै आवद्ध नभएको सामान्य व्यक्तिले पनि कुशल र दक्ष नेतृत्व दिन सक्ने जनविश्वास उत्पन्न गरायो । यसलाई हामीले मुलुकको नेतृत्व अब युवा पुस्तामा हस्तान्तरित हुनुपर्दछ भने सूचकको रूपमै हेर्नुपर्दछ । जुन अहिलेको आवश्यकता नै हो । विकास निर्माणको दृष्टिले स्थानीय तहको निर्वाचन सबैभन्दा महत्वपूर्ण मानिन्छ । किनकि, देशको विकास भन्नु नै स्थानयि तहको विकास हो । स्थानीय तहको विकास नभए देशको विकास हुँदैन । स्थानीय तहका नेता सक्षम, दक्ष, इमानदार, सेवा भावनामा समर्पित, जागरूक र विकासप्रेमी भए जनताको जीवनस्तर नै सुधिन्छ । विकृति र विसंगति हट्छन् । सेवाग्राहीले लोकतन्त्रको व्यावहारिक अनुभूति गर्न पाउँछन् । राजनीतिक वातावरण पनि स्वच्छ र पारदर्शी हुन्छ । मुलुकमा उत्पन्न राजनीतिक वितृष्णा पनि व्यवस्थाको कारणट होइन परम्परागत प्रवृत्तिका राजनीतिक व्यक्तिकै कारण उत्पन्न भएको हो भन्ने कुरा पनि मतदाताले बुझ्दै आएका छन् । संकुचित मानसिकताका स्वार्थी नेताबाट राज्यले निकास पाउँदैन, यस्ता व्यक्तिको नेतृत्व फलदायी हुँदैन भन्ने ठानेरै विकल्प खोज्ने क्रममा स्थानीय तहमा अहिले अनपेक्षित रूपमा नयाँ योग्य व्यक्ति नेतृत्व लिन पुगेका हुन् । यो सह्रानीय पक्ष हो ।

नेता सम्वद्ध चुनौती नै पछिल्लो समयमा राष्ट्रिय चुनौती बन्दै आएको छ । व्यक्ति विशेषकै कारण तमाम नागरिकले समस्यामा रुमलिनुपरेको छ । कथित नेताको भूमिका वास्तविक नेताकै रूपको नहुँदा राजनीतिक विकृति फैलिएको छ । नेताले राजनीतिलाई सेवाबाट आर्जनको पेसा बनाउँदा नदीका दुई किनाराजस्तै बन्नुपर्ने अपराध र राजनीति एकै सिक्काका दुई पाटा जस्तै भए । यसपछि भने अपराध र राजनैति अप्राकृतिक गठोर संस्थागत रूपमै सुदृढ भयो । यसैको परिणाम उच्चपदस्थ राजनीतिक व्यक्ति नै अपराधमा संलग्न हुन थाले । भ्रष्टाचार, राजनीतिक अपराध, राजनीतिक छहारीभित्रै अपराध मौलाउँदै आए । कारबाही गर्नुपर्ने राजनीतिक अपराधीलाई राज्यले नै संरक्षण दिँदा आपराधिक जगत् नै प्रोत्साहित बन्यो । राजनीतिक पकडमा रहनुपर्ने अपराधीले उल्टै राजनीतिक व्यक्तिलाई नै पकडमा राखी स्वार्थमा परिचालित गराउन थाले । यसपछि त अपराधी कानुनभन्दा माथिको ठानिँदै आए । यो प्रवृत्तिलाई पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कार्यकालमा अझै प्रोत्साहित गराउँदै ल्याए ।

विकृतिकै कारण सर्वसाधारण नागरिकको अवस्था भने दयनीय बन्दै आएको छ । प्रचारमुखी विकास निर्माण जनताका निम्ति लाभदायक बन्न सकेको छैन । राज्यले नै विकास निर्माणको दायित्व अपराधिक गिरोहलाई सुम्पिँदा सालिन्दा राष्ट्रिय बजेट दोहन भइरहेको छ । पदीय दायित्वप्रति नेता संवेदनशील नबन्दा राज्यप्रतिको जनविश्वासमा ह्रास आएको छ । शीर्षस्थ नेताकै कार्यशैली र व्यवहार स्वार्थ केन्द्रित हुँदा त्यसले केन्द्रदेखि स्थानीय तहसम्मलाई प्रभावित बनाएको छ । यही व्यक्तिवादी प्रवृत्तिलाई हावी गराउने उद्देश्यले हालैको स्थानीय तहको निर्वाचनमा पनि नेताले अधिकांश उम्मेदवार आफ्नै यसम्यान, सहयोगी, परिवारकै सदस्य तथा चाकडीदारलाई नै खडा गरे । नेताको रोजाइका व्यक्तिबाट जनता होइन नेता नै लाभान्वित बन्छन् भन्ने कुरा विगतकै अनुभवबाट सर्वसाधारणले अनुभूति गर्दै आएका थिए । यसै पृष्ठभूमिमा दलको ट्रेड मार्कवाला व्यक्तिभन्दा सक्षम, दक्ष र इमानदार जनसेवीलाई स्थानीय तहको सत्ता सुम्पने जनअभिलासा केही हदसम्म पूरा भएको छ । परम्परागत संकुचित मानसिकताकै अन्त्यका लागि मतदाताले चालेको यो प्रारम्भिक कदम हो । आगामी प्रदेश सभा र संघीय संसद्को निर्वाचनमा पनि मतदाताले यही छनोटशैली अपनाउँदै गए राष्ट्रिय राजनीतिलाई विकृतिरहित बनाउन सकिन्छ भन्ने कुरा सबैले बिर्सिनुहुँदैन । दलको कमीकमजोरीका कारण होइन, शीर्षस्थ नेताकै कार्यशैलीका कारण स्थानीय निर्वाचन ठूला दलका लागि शिक्षा लिने गतिलो झापड बनेको छ

वास्तवमा राष्ट्रिय राजनीतिको शल्यचित्सक भनेकै आममतदाता हुन् । जसरी शल्यचिकित्सकले चिरफार गरी शरीरको रोगी भाग निकाली तन्दुरूस्त बनाइदिन्छन्, उसैगरी राजनीतिक विकृतिवाला क्रोनिक व्यक्ति हटाई स्वच्छ र तन्दुरूस्त व्यक्तिलाई जिम्मेवारी दिई राजनीतिलाई जनहितकर बनाउने शल्यचिकित्सक आमजनता नै हुन् । यस क्रममा राजनीतिक चिकित्सक पनि शल्यचिकित्सक जतिकै दक्ष र पोख्त हुनैपर्दछ । यो दक्षता सर्वसाधारण नागरिकले विगतकै राजनीतिक व्यक्तिको कार्यशैली र व्यवहार'दयगत विस्तृत मूल्यांकनबाटै आर्जन गरेका हुन्छन् । राजनीतिक व्यक्ति कुन दक्ष छ, कुन अदक्ष तथा को रोगी छ को तन्दुरूस्त छ ? भन्ने उनीहरूकै व्यवहारबाट जनताले पहिचान गर्न सक्छन् । यही क्रममा हालैको स्थानीय निर्वाचनमा आममतदाताले राजनीतिक चिकित्सकको दक्षता हासिल नगरे पनि सामान्य राजनीतिक स्वास्थ्यसेवक र सेविकाको भूमिका सम्पादन गरेर देखाइदिए । यो प्रयासलाई निरन्तरता दिँदै गए आगामी दिनमा हुने संघीय एवं प्रदेश संसद्को निर्वाचनमा मतदाताले आफू विज्ञ राजनीतिक चिकित्सक बनेको प्रमाणित गर्नेछन् । सर्वसाधारण नागरिकमा राजनीतिक चेतना विस्तार भइरहेको छ भन्ने कुरा मतदाताले मात्र होइन स्वतन्त्र उम्मेदवारले नै प्रमाणित गरिदिएका छन् । स्वतन्त्र उम्मेदवारको बढ्दो संख्याले मौलाउँदो अवस्थाको राजनीतिक विकृति उन्मुलन हुनुपर्छ भन्ने संकेत दिएको छ । यो ठूला भनिएका दलका शीर्षस्थ नेताकै कार्यशैलीप्रतिको असन्तुष्टि पनि हो । यस अर्थमा स्वतन्त्र उम्मेदवारले शीर्षस्थ नेतालाई चुनौती दिए, जुन प्रशंसनीय छ । यो राजनीतिक सुधारको सकारात्मक सन्देश हो । लोकतन्त्रमा कानुनी मापदण्ड पुगेको जुनसुकै व्यक्तिले पनि उम्मेदवारी दिन सक्छ । उम्मेदवारप्रतिको दलीय वक्रदृष्टि कहिल्यै पनि लोकतान्त्रिक हुन सक्दैन । लोकतान्त्रिक व्यवहार अनाउने जननेताले त स्वच्छ प्रतिस्पर्धाबाट छानिएको दक्ष व्यक्तिलाई बढी प्रोत्साहित गराउनुपर्छ ।

तर, गएको स्थानीय तहको निर्वाचनमा निर्वाचित भएका व्यक्तिलाई शीर्षस्थ नेताले शत्रुतापूर्ण व्यवहार गर्नुले शीर्षस्थ नेता नै लोकतन्त्रको आवरणभित्र हैकमवादी पारिवारिक शासन स्थापित गराउन लागिपरेको संकेत गर्दछ । हालै, सम्पन्न स्थानीय तहको निर्वाचनकै कुरा गर्ने हो भने काठमाडौं र भरतपुर महापालिकाको मेयर पदका उम्मेदवारमध्ये क्रमशः वालेन साह र रेणु दाहाल सबैको चासोको उम्मेदवार बने । मुलुककै सम्पूर्ण मतदाताको दृष्टि यी दुईमा पर्‍यो । तर, त्यसमध्येकै बालेन साहप्रतिको जनदृष्टिकोण सकारात्मक थियो भने रेणु दाहाल पारिवारिक राजनीतिकै निरन्तरताको पात्र भएकै कारण उनीप्रतिको आमनागरिकको दृष्टिकोण सकारात्मक थिएन । तथापि बालेन साह जनसमर्थनकै कारण राजधानीको मेयर बन्न सफल भए । रेणु दाहालले भने पाँचवटै दलको गठबन्धनकै वैशाखी टेक्नुपर्‍यो । यी दुई चर्चित उम्मेदवारमध्ये बालेन साह जनबलमा उभिएका व्यक्ति हुन् भने रणु दाहाल दलीय गठबन्धनको सहारामा उभ्याइएकी हुन् । यसैले बालेन स्थायी हुन सक्छन् भने अर्काको भरमा टेकिएको रेणु अस्थिर हुन सक्छिन् ।

स्वतन्त्र उम्मेदवारको विजय र प्राप्त मतलाई शीर्षस्थ नेता र दलले शिक्षाकै रूपमा लिनुपर्दछ । अहिले मतदाताको ध्यान दलीय उम्मेदवारप्रतिभन्दा स्वतन्त्र उम्मेदवारप्रति बढी आकर्षित हुँदै आएको छ । दलीय विश्वासमा ह्रास आउनु स्वतन्त्र उम्मेदवारप्रति विश्वास बढ्नुको कारण पनि नेतामुखी दलीय गतिविधि नै हो । पछिल्लो समयमा शीर्षस्थ नेतामै दलीय अधिकार र कामकार्य केन्द्रिकृत हुँदै आएको छ । संघीय संसददेखि स्थानीय तहसम्मकै जनप्रतिनिधिहरू शीर्षस्थ नेताको इसारामा चल्दै आएका छन् । शीर्षस्थ नेताको आदेश लोकतान्त्रिक होस् वा हुकुमी ? त्यस'दयगत कसैले प्रतिक्रिया दिने हिम्मत गर्दैनन् । स्वस्थ्य प्रतिक्रिया नै नेताका निम्ति षड्यन्त्र ठानिने भएकाले कारबाहीमा परिने डरले पनि दलभित्र आन्तरिक वैचारिक वहस हुन छोडेको छ । नेता कार्यकर्ता त शीर्षस्थ नेताकै रबर स्ट्याम्प बन्दै आएका छन् । यस्तै व्यक्ति केन्द्रित लोकतन्त्रकै पराकाष्ठाको उपज स्वतन्त्र उम्मेदवारको विजाय हो ।

स्थानीय तहको निर्वाचनमा मतदाताले नेतालाई खुलेआम रूपमै चुनौती दिए । मतदाता शीर्षस्थ नेतासँग किन चिढिए ? यस'दयगतमा नेकपा एमालेकै अध्यक्ष केपी शर्मा ओली संवद्ध एक दृष्टान्त यहाँ उल्लेख गर्दछु । यो दृष्टान्त ओलीकै गृहजिल्ला झापासँग सम्बन्धित छ, जुन जिल्ला स्तम्भकारकै चासो र सरोकारको जिल्ला पनि हो । झापा जिल्लाको दमक नगरपालिका(५ केपी ओलीको गृहवडा हो । यसैले झापा जिल्ला र दमक नगरपालिका मात्र होइन दमककै ५

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा जिल्ला समन्वय समिति गठन गर्न निर्वाचनको तयारी

रामेछाप । रामेछापको ८ वटै स्थानीय तहले कार्यपालिका गठन गरेका छन् । जिल्लाका आठ स्थानीय तह मध्ये मन्थली नगरपालिका, उमाकुण्ड गाउँपालिका, लिखु तामाकोशी गाउकार्यपालिका गठनमा मतदान भएको



भएपनि रामेछाप नगरपालिका, गोकुलगंगा गाउँपालिका, दोरम्बा शैलुङ् गाउँपालिका, सुनापति गाउँपालिका र खाँडादेवी गाउँपालिकामा निर्विरोध कार्यपालिका गठन भएको छ ।

त्यसको लगतै जिल्ला समन्वय समितिको निर्वाचन जेष्ठ २९ गते गर्ने मिति भय भएको छ । जिल्ला समन्वय समितिका लागि कुनै पनि दलको बहुमत नपुग्ने देखिन्छ । समन्वय समितिको निर्वाचनमा सहभागी हुने दलहरु मध्ये नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र मध्ये कुनै २ वटा दलसंगको गठबन्धन गर्नुपर्ने देखिएको छ । जिसस निर्वाचनमा रामेछापमा आठ स्थानीय तहका प्रमुख उप्रमुखले मतदान गर्नेछन् । १६ जना मतदाता रहेको जिसस निर्वाचनमा तीन मत रहेको माओवादी केन्द्र निर्णयक शक्तिको रुपमा रहेको छ । स्थानीय तहको निर्वाचनमा कांग्रेसले प्रमुख उपप्रमुखसहित सात, एमालेले प्रमुख उपप्रमुखसहित ६ र माओवादीले प्रमुख उपप्रमुखसहित तीन पदमा जित हासिल गरेको थियो ।

माओवादी केन्द्रका नेताहरुले भने नेपाली कांग्रेससंग गठबन्धन गर्ने पक्षमा रहेका छन् भने नेपाली कांग्रेसका केही नेताहरु भने एमालेसंग गठबन्धन गर्ने पक्षमा रहेका छन् ।

## रामेछाप नगरपालिकाको प्रवक्तामा समिर कार्की नियुक्त

रामेछाप । रामेछापको रामेछाप नगरपालिकाको नव निर्बाचित पदाधिकारी सहितको पहिलो कार्यपालिका बैठकले नगरपालिकाको प्रबक्ता नियुक्त गरेको छ । जेठ १८ गते बसेको कार्यपालिका बैठकले वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीलाई प्रबक्तामा नियुक्त गर्ने निर्णय गरेको हो ।

कार्यपालिका बैठकमा सवै वडावाट आएका नव जनप्रतिनिधिहरुलाई



रामेछाप कर्मचारी युनियनले फुल गुच्छाले स्वागत गरेका थिए । उक्त नगरपालिकामा नेपाली काँग्रेसले बहुमतसहित मेयर उपमेयर जितेको छ । जुनसुकै काम गर्न कुनै अवरोध आउदैन । बहुमतले जनताका जुनसुकै काम गर्न सजिलो छ । त्यो अधिकार जनताले २०७९ बैशाखमा भएको निर्वाचनमा जनमत दिइसकेका छन् ।

## यस्तो छ रामेछापका स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन

रामेछापको ८ स्थानीय तहमध्ये स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा मन्थली नगरपालिका पहिलो भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७७-७८ मा गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा ६५.२५ अंकभार ल्याउँदै मन्थली नगरपालिका जिल्लाकै पहिलो बन्न सफल भएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरणलगायतका विषयमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन गर्ने गरेको छ । ६५ अंकभार ल्याउदै सुनापती गाउँपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा जिल्लामा दोस्रो स्थान प्राप्त गरेको छ । ६० अंकभारसहित रामेछाप नगर पालिका तेस्रो भएको छ । ५१.७५ अंकभार ल्याउँदै खाँडादेवी गाउँपालिका चौथो भएको छ। ४८ अंकभार ल्याउँदै गोकुलगंगा गाउँपालिका पाँचौ भएको छ भने ४४.२५ अंकभार सहित उमाकुण्ड गाउँपालिका छैंठौं भएको छ ।

यसैगरी दोरम्बा शैलुङ गाउँपालिका ३४.२५ अंकभार सहित सातौं हुँदा लिखुतामाकोशी गाउँपालिका १६.५ अंकभार सहित आठौं भएको छ ।

# गरिमा विकास बैंकका ग्राहकलाई 'जंगल भिल्ला रिर्सोट' मा विशेष छुट

गरिमा विकास बैंकका ग्राहकहरुका लागि चितवनको प्रख्यात होटल 'जंगल भिल्ला रिर्सोट'मा विशेष छुट हुने भएको छ। आन्तरिक पर्यटनलाई प्रोत्साहन तथा प्रर्बद्धन गर्नुको साथै गरिमा विकास बैंकका ग्राहकहरुलाई थप सुविधाहरु प्रदान गर्नका लागि 'जंगल भिल्ला रिर्सोट'सँग विभिन्न सेवा सुविधाहरुमा आर्कषक छुटको लागि सम्झौता भएको हो।

सम्झौता अनुसार, उक्त होटलले विभिन्न प्रकारका रुम तथा फुड एण्ड वेभरेजमा समान १५% छुट प्रदान गर्ने भएको छ। यस बैंकका डेविट कार्ड र गरिमा स्मार्ट प्रयोग गरि बिल भुक्तानी गर्नुहुने ग्राहक महानुभावहरुले उक्त




होटलबाट उल्लेखित छुट सुविधाहरु लिन सक्नुहुनेछ।

हाल गरिमा विकास बैंकले १२१ शाखा कार्यालयहरु, १ एक्स्टेन्सन काउण्टर र ५१ ए.टि.एम.बाट आफ्ना ग्राहक महानुभावहरुलाई सरल, सुरक्षित एवं गुणस्तरीय बैकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ।

# मुक्तिनाथलाई भेटी अब प्रभु बैंकको क्यूआर कोडबाट

हिमालपारीको जिल्ला मुस्ताङमा रहेको प्रसिद्ध मुक्तिनाथ मन्दिरमा बैंक खातामा भेटी दान जम्मा गर्न सकिने भएको छ। प्रभु बैंकले क्यूआर कोड सेवा सुचारु गरेपछि उक्त मन्दिरमा नगद कारोबारलाई विस्थापित गर्दै डिजिटल



भुक्तानीलाई प्रणाली प्रवर्द्धन गरिएको हो। नेपाल राष्ट्र बैंक पोखरा कार्यलयका प्रमुख डा रामशरण खरेलले नेपालको बैंकिङ क्षेत्रको आर्थिक कारोबारमा विद्युतीय माध्यममार्फत सरलता र सहजता आएको बताउनुभयो। उहाँले प्रभु बैंक र फोन-पेको संयुक्त पहलमा मुक्तिनाथ मन्दिर परिसर, बारागुङ मुक्ति क्षेत्रमा हुने भेटी दानको लागि नगदै बोक्नुपर्ने झन्झट हटेको बताउनुभयो।

प्रभु बैंकका गण्डकी प्रदेश प्रमुख राजु रानाले बैंकले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकलाई समय सापेक्ष नवीनतम् बैंकिङ सेवा प्रवाहमा कटिबद्ध रहेको बताउनुभयो। उहाँले अत्याधुनिक प्रविधिको उच्चतम प्रयोग गर्दै समग्र भक्तजनरुको चाहनालाई पहिलो प्राथमिकतासहित गुणस्तरीय एवं विश्वसनीय बैंकिङ सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो। प्रायः मठमन्दिरमा चड्ने भेटिका कारण नोटको आयु घट्ने गरेकाले नोट बचाउन पनि यो प्रविधिको प्रयोग उपयुक्त रहेको बैंकको बुझाइ छ।

# राष्ट्रिय वाणिज्य बैंकको कार्ड होल्डरलाई अन्नपूर्ण केबुलकारमा १०% छुट

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र अन्नपूर्ण केबुलकार प्रा.लि.बीच बैंकका डेबिट/क्रेडिट कार्ड होल्डरहरुलाई केवलकारको भाडा रकममा १० प्रतिशत छुट गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र अन्नपूर्ण केबुलकारका महाप्रबन्धक




दिनेश पौड्यालले हस्ताक्षर गर्नुभएको छ।

उक्त सम्झौता भएपश्चात कास्कीको पोखरामा रहेको अन्नपूर्ण केबुलकारमा यात्रा गर्दा बैंकका कर्मचारी तथा डेबिट/क्रेडिट कार्ड भएका ग्राहकहरुलाई केबुलकारले भाडा रकममा १० प्रतिशत छुट दिने छ।

कार्यक्रममा बैंकका विभागीय प्रमुख सन्दीपजङ्ग कार्की, विभागीय उपप्रमुख अविता श्रेष्ठ लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। हाल देशभर बैंकले २५८ वटा शाखा कार्यालय, २४५ वटा ए.टि.एम, ४३ स्थानमा एक्सटेन्सन काउण्टर, ९८ शाखारहित बैंकिङ्ग सेवा सहित आधुनिक डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा प्रवाह गर्दै आइरहेको छ।

# इन्भेष्टमेन्ट र मेगा बैंक मर्जर हुँदै

नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंकबीच मर्जर हुने भएको छ। दुई बैंकका सञ्चालकबीच मर्जरमा जाने सहमति जुटेको हो। नेपाल इन्भेष्टमेन्ट बैंकले हिमालयन बैंकसँग गर्न लागेको मर्जरको सहमति भाडिएको इन्भेष्टमेन्ट नयाँ




पार्टनरको खोजीको थियो। नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंक १००:९० अनुपातमा मर्जरमा जान लागेका हुन्। मर्जरपछि बन्ने संस्था इन्भेष्टमेन्ट मेगा बैंकको नामबाट सञ्चालन गर्ने तथा बैंकको सञ्चालक समितिको अध्यक्ष अहिलेका इन्भेष्टमेन्ट बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे हुने तथा प्रमुख कार्यकारी अधिकृतमा ज्योति पाण्डे हुने सहमति भएको छ। नेपाल इन्भेष्टमेन्ट बैंक र हिमालयन बैंकले गतवर्ष बैशाखमा मर्जरमा जाने सहमति गरेका थिए। हिमालयन बैंकको साधारणसभाले मर्जरमा जाने प्रस्ताव विशेष साधारणसभाबाट अस्वीकृत गरेको थियो। अहिले दोस्रो बजारमा मेगा बैंकको सेयर मूल्य प्रतिकित्ता २३४ रुपैयाँ छ। यस्तै एकवर्षपछि कारोबार खुलेको नेपाल इन्भेष्टमेन्ट बैंकको सेयर मूल्य भने नकारात्मक सर्किट लागेर घट्दो क्रममा छ। नेपाल इन्भेष्टमेन्टको सेयर मूल्य ३०७ रुपैयाँ रहेको छ। चैत मसान्तसम्मको वित्तीय विवरण अनुसार नेपाल इन्भेष्टमेन्ट बैंकसँग १ खर्ब ८० अर्ब निक्षेप छ। मेगा बैंकसँग १ खर्ब ४७ अर्बको निक्षेप छ। कर्जा नेपाल इन्भेष्टमेन्ट बैंकको १ खर्ब ७३ अर्ब छ भने मेगा बैंकको १ खर्ब ५० अर्ब रहेको छ। चुक्ता पुँजीको आधारमा हेर्दा नेपाल इन्भेष्टमेन्ट बैंकको १८ अर्ब ३० करोड छ। मेगा बैंकको १६ अर्ब १२ करोड रहेको छ। मर्जरपछि बन्ने बैंकको चुक्ता पुँजी ३२ अर्ब ८० करोड हुन्छ। स्वाप रेसियोबाट आउने पैसाले दिने लाभांशले बैंकको चुक्ता पुँजी मात्र ३४ अर्बभन्दा बढी हुनेछ।

# बैंक अफ काठमाण्डूको प्रिमियम प्लस बचत खाता सार्वजनिक

बैंक अफ काठमाण्डू लिमिटेडले बीओके प्रिमियम प्लस बचत खाता सार्वजानिक गरेको छ। ग्राहकहरुलाई उच्चतम् ब्याजदरबाट लाभाम्वित बनाउने उद्देश्यले बैंकले यस्तो बचत खाता सार्वजनिक गरेको हो। यसमा हाल बैंकिङ्ग क्षेत्रहरुमा साधारणतया बैंकहरुले बचत खातामा ग्राहकहरुलाई प्रदान गर्ने ब्याजदर भन्दा बढि ब्याजदर तोकिएको छ। यस्तो ब्यवस्थासहित अन्य धैरे निशूल्क सुबिधाहरु रहेको यस बचत खाता खोली ग्राहकहरुले उच्चतम् लाभ लिन सक्नेछन्। अब बचत गर्ने अझ बढ्नेछ रहर, जब पाइन्छ अन्य खाताहरु भन्दा अधिक ब्याजदर भन्ने मुलनाराका साथ सार्वजनिक गरीएको यस बचत खातामा ग्राहकहरुले ८.०३ प्रतिशतको उच्चतम ब्याजदर पाउनेछन्। साथै १० हजारको न्यूनतम मौज्दात राखी खाता खोल्न सकिने यस बचत खातामा ग्राहकहरुलाई थुप्रै निःशुल्क बैंकिङ्ग सेवाहरुको ब्यवस्था रहेको छ। ग्राहक महानुभावहरुले सामान्यतया शुल्क तिर्नुपर्ने बैंकिङ्ग सेवाहरु जस्तै चेक बुक, Balance Certificate, Demat Account, E–commerce Activation, ABBS, खाताको विवरण, मेरो सेयर Connect IPs, डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाईल बैंकिङ्ग यस बचत खातामा निःशुल्क उपलब्ध हुनेछ।




यस बचत खाताका विशेषताहरु निम्न बमोजिम रहेका छन।

- वार्षिक ८.०३% ब्याजदरको ब्यवस्था।
- न्यूनतम् मौज्दात रु १०,०००।
- त्रैमासिक रुपमा ब्याज आम्दानी हुने।
- निःशुल्क चेक बुकको ब्यवस्था।
- Balance Certificate को लागि कुनै शुल्क नलाग्ने।
- सेयर कारोबारको लागि आवश्यक डिम्याट खाता निशुल्क खोल्ने ब्यवस्था।
- विभिन्न अनलाईन सेवा प्रदायक संस्थाहरुबाट वस्तु तथा सेवा खरिद गरि बैंकको कार्डबाट भुक्तानी गर्नलाई आवश्यक E–Commerce Activation सेवा निःशुल्क प्रदान गरिने।
- ग्राहक महानुभावहरुले यस बैंकको कुनै शाखा कार्यालयबाट अर्को शाखा कार्यालयमा जतिसुकै रकम पठाउदा शुल्क नलाग्ने।
- पहिलो वर्ष निशुल्क मेरो शेयर सुबिधा।
- निःशुल्क खाताको विवरण उपलब्ध गरिने।
- पहिलो वर्ष निःशुल्क डेबिट कार्डको सुबिधा।
- पहिलो वर्ष निःशुल्क मोबाइल बैंकिङ्गको सुबिधा।
- पहिलो वर्ष निःशुल्क Connect IPS सुबिधा।

साथै, बैंकको ग्राहक महानुभावहरुको आवश्यकतालाई मध्यनजर गरि संचालनमा ल्याइएको यस बचत खातामा महानुभावहरुले आफ्नो बचत रकममा उच्चतम् प्रतिफलको लाभ पाउनुहुने विश्वाश बैंकले लिएको छ। हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले ९८ शाखा कार्यालयहरु, ९३ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ।

## अर्थ संसार

# फोन पे डिजिटल इकोनोमी शुरु हुँदै

मुलुकको अर्थतन्त्र तीब्र रूपमा डिजिटाइजेशनतर्फ गइरहेको कुरालाई मध्यनजर गर्दै फोन पे डिजिटल इकोनोमी कन्क्लेभ शुरु हुन लागेको छ।




ब्राण्डवर्थ प्रा.लि.को आयोजनामा होटल सोल्टीमा कार्यक्रम शुरु हुन लागेको हो। कन्क्लेभको मुख्य उद्धेश्य कोभिड १९ प्रभावबाट सामान्यकृत हुँदै गएको आर्थिक गतिविधी र जनजिवनमा डिजिटाइजेशनलाई कसरी आर्थिक वृद्धि र सामाजिक न्याय प्राप्तीका लागी प्रयोग गर्न सकिन्छ भन्ने रहेको छ।

कन्क्लेभको दोस्रो संस्करणमा 'बदलिदो समय, बदलिदो अर्थतन्त्र', 'सँधैका लागि प्रभाव (क्रिएटिङ इम्प्याक्ट्स द्याट लास्ट)', 'नेपाल : सानो बजार कि असिमित सम्भावना ?' तथा 'हामीसँग नेपाली युनीकर्न पहिचान कहिले हुनेछ ?' विषयमा विभिन्न चार वटा सत्रहरूमा बृहत् अन्तरक्रिया र बहस हुनेछ। यी सत्रहरुमा नेपाली डिजीटल अर्थतन्त्रका प्रमुख सरोकारवालाहरू, नियमनकारी निकाय, तथा निजी क्षेत्रका प्रतिनिधिहरूको ब्यापक सहभागिता रहनेछ।

# लक्ष्मी बैंकले आफ्नो ग्रीन बचत खाता पुनः सुचारु गर्दै

काठमाडौ। ५० औं विश्व वातावरण दिवसको अवसर पारेर लक्ष्मी बैंकले आफ्नो वातावरण मैत्री हरित बचत खाता □ग्रीन सेभिंग□ पुनः सञ्चालनमा ल्याएको छ।

हालको डिजिटल युगको फाइदा उठाउदैं अनलाईन खाता खोल्ने सेवा, भिडियो-प्थ्क्ष्ृ र डिजिटल बैंकिङ्ग जस्ता सेवाहरुको सम्मिश्रनले सो खाता




पूर्णरूपमा कागजविहिन रहेको छ। साथै यस खातामा ग्राहकहरुले ८.०३% को उच्चतम ब्याजदर मात्र नभई ग्रीन बैंकिङ्ग प्याकेज (मोबाईल मनी र इन्टरनेट बैंकिङ्ग) निःशुल्क प्राप्त गर्न सकिने उल्लेख छ।

लक्ष्मी बैंकको एक खाता, एक रुख को प्रतिबद्दता अनुरुप गो ग्रीन अभियानमा सहयोग पुग्ने गरी प्रत्यक ग्रीन सेभिंग खाताको वापत बैंकले एउटा रुख रोप्ने छ। यसका साथै ग्रीन सेभिंग खाताबाट संकलन हुने निक्षेपबाट नवीकरणीय ऊर्जा, हरित यातायात, दिगो खाद्य, कृषि, वन, फोहोर व्यवस्थापन र हरितगृह ग्यास न्यूनीकरण लगायत दिगो विकास लक्ष्यहरू अन्तर्गत पर्ने क्षेत्रहरू र गतिविधिहरूमा कर्जा प्रवाह गर्न उपयोग गरिने बैकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यो पहल मार्फत लक्ष्मी बैंकले आफ्नो 'ओरेन्ज लभ्स ग्रीन' को दिगो प्रतिबद्धतालाई निरन्तरता दिने छ। यसै प्रतिबद्धता अन्तर्गत बैंकले एऋृबँ ( कार्बन एकाउन्टिङ फाइनान्सियलका लागि पार्टनरसिप) मा पनि सामेल भएको छ। सो साझेदारी मार्फत बैंकले औपचारिक रूपमा (क) आफ्नो कार्बन उत्सर्जन मापन गर्ने र (ख) राष्ट्रिय प्रतिबद्धतासँग मिल्दोजुल्दो लक्ष्य र नीतिहरू उपनाउने छ जसले बैंकको नेट-जिरो यात्रा अघि बढ्ने छ।

ग्राहकहरुलाई डिजिटल बैंकिङ्ग माध्यमहरु अपनाई ग्रीन बैंकिङ्गतर्फ प्रोत्साहन गर्नका लागी लक्ष्मी बैंकले विभिन्न अफरहरु पनि ल्याएको थियो। विश्व वातावरण दिवसकै दिन प्रयोगकर्ताहरुले मोबाइल मनी द्वारा कुनै पनि त्तच भुक्तानी गर्दा १०% (प्रती व्यक्ति रु.५० सम्मको) तुरुन्तै छुट पाउन सक्ने व्यवस्था गरिएको थियो। यति मात्र नभई सो दिन त्तच भुक्तानी गर्दा दोब्बर फोनपे रिवार्ड पोइन्टस प्राप्त गर्न सकिने जानकारी विइएको थियो।

मोबाइल मनी प्रयोगकर्ताहरुले आफूले संकलन गरेको फोनपे रिवार्ड पोइन्टस मार्फत ५०० पोइन्टमा लक्ष्मी बैंकको ग्रीन प्याकेज (जस अन्तर्गत मोबइल मनि, डेबिट कार्ड, ईन्टरनेट बैंकइङ्ग तथा इमेल अलर्ट सुविधाहरु पर्दछ) १ वर्षको लागी निःशुल्क नविकरण गर्न पनि सक्ने गरी व्यवस्था गरेको वैकले जनाएको छ।

# स्थानीय तहमा नयाँ नेतृत्वका महत्वपूर्ण कार्यभार

श्यामप्रसाद मैनाली

प्रारम्भ : संघीय शासन प्रणाली कार्यान्वयन गर्ने क्रममा तीन तहका सरकार सबैभन्दा तल्लो तहका सरकारका लागि नयाँ नेतृत्व हालै प्राप्त भएको छ। सबै तहका सरकारको आफ्नै प्रकारका महत्व हुने नै भयो। तर, स्थानीय तहका सरकारको विशेष महत्व रहन्छ। किनकि, संघीयतामा स्थानीय तहको सरकार जहाँ यथार्थतामा जनता रहेका हुन्छन्, बढी महत्वपूर्ण हुन्छ। संघीयतामा तीन तहका सरकार रहँदा स्थानीय सरकार वा तहलाई विशेषरूपमा सवल बनाउन जरुरी हुन्छ। यसका लागि संघीय शासन प्रणालीका अधिकार वा शक्तिको बाँडफाँडका सम्बन्धमा केही सिद्धान्त तयार गरी प्रयोगमा ल्याउने गरिएका छन्। संविधान र कानुनमा उल्लेख भएबाहेकका कार्यको जिम्मेवारी सम्बन्धी सिद्धान्तले यदि स्पष्ट गर्न सकिएको छैन भने स्वतः स्थानीय सरकारलाई दिने, केन्द्रको अधिकार प्रान्त हुँदै स्थानीय तहसम्म पु(याउने, केन्द्रबाट सम्पादन गर्नुभन्दा स्थानीय तहबाट गर्न सहज हुने अधिकार स्थानीय तहलाई नै दिने। अर्को हो परिपुरकतामा आधारित सन्निकटताको सिद्धान्त, यसअनुसार स्थानीय तहबाट सम्पादन हुन सक्ने काम जनताकै नजिकको निकायबाट सम्पादन गरिनु उपयुक्त हुने, स्थानीय सरकार र सामाजिक सामुदायिक संस्थालाई संविधान र कानुनद्वारा अधिकार दिइने, माथिल्लो निकाय र तल्लो तहलाई स्रोत, साधन, जिम्मेवारी र क्षमता विकासमा निरन्तर सहयोग हुने, अधिकार र स्रोतसाधन स्थानीय तहबाट बाँडफाँड गर्दै क्रमशः प्रान्त तथा केन्द्र सरकारलाई सुम्पने जस्ता विषय समेटिएका छन्।

यी सिद्धान्तबाट संघीय शासन प्रणालीको केन्द्रबिन्दु स्थानीय सरकारमार्फत प्रत्यक्ष रूपमा जनता भएको स्वीकार गरिएको छ। त्यसैले स्थानीय सरकार भनेको सार्वभौम जनताले वालिग मताधिकारको आधारमा निर्वाचित गरेका प्रतिनिधिले कानुन प्रदत्त काम, कर्तव्य, अधिकार, जिम्मेवारी र जवाफदेहिताका साथ स्थानीय तहको शासन सञ्चालन गर्ने सर्वव्यापी र अनिवार्य संरचना हो। यसलाई परिपुरकतामा आधारित सन्निकटताको सिद्धान्तअनुसार स्थानीय तहको शासकीय प्रवन्ध गर्ने तथा शासनमा जनताको सर्वोपरितालाई जनप्रतिनिधिमार्फत अभिव्यक्त गर्ने मूल थलोका रूपमा लिइन्छ। यथार्थतामा जनस्तरमा नै सेवासुविधाको प्रवन्ध र विकास निर्माणका कार्य सम्पादन जनताकै माग इच्छाअनुसार गर्ने सबैभन्दा नजिकको सरकारका रूपमा स्वीकार गरिएको छ। यसबाट स्थानीय स्वायत्त शासनलाई प्रभावकारी बनाउने एक पूर्ण र स्वायत्त शासकीय संरचनाको विकास गरिएको हुन्छ। यस अर्थमा स्थानीय सरकार संघीय शासन व्यवस्था वा प्रजातन्त्रको मूल आधार हो।

स्थानीय सरकारलाई सबल बनाउने अभिप्रायले नेपालको संविधानमा प्रस्ट व्यवस्था गरिएको छ। त्यस्तै, स्थानीय सरकारको सर्वमान्य सिद्धान्त र परिभाषाअनुरूप भौगोलिक, आर्थिक, सामाजिक, प्रशासनिक समन्वय र सेवा प्रवाहका दृष्टिले उपयुक्त र सक्षम इकाइका रूपमा पुनरसंरचना गरिएको छ। स्थानीय सरकारमा व्यवस्था गरी संविधानले नै पूर्ण स्वायत्तता प्रदान गरी अनुसूचीमा यस सरकारले गर्ने कार्य निश्चित गरिएको छ। वित्तीय स्रोत निक्षेपन तथा राजस्वको बाँडफाँड सम्बन्धमा न्यायोचित व्यवस्था गर्न वित्तीय आयोगको व्यवस्था गरिएको छ। उत्तरदायी, समावेशी र जवाफदेही स्थानीय शासनको व्यवस्था गर्दै प्रदेश र केन्द्र सरकारमा स्थानीय सरकारको सहभागिता सुनिश्चित गर्न व्यवस्था मिलाइएको छ। यस्तो महत्वपूर्ण स्थानीय सरकार सुसञ्चालनका लागि यसको क्षमताको विकास पर्याप्त हुन सकेको छैन। यसको संस्थागत क्षमता सुदृढ गराउँदै अघि बढ्नुपर्छ। व्यवस्थापकीय पक्षमा प्रारम्भदेखि नै समुचित ध्यान दिनु जरूरी छ।

मानव संसाधन व्यवस्थापनको पक्ष जटिल बनिराखेको छ। अब स्थानीय सरकारका जनशक्तिको प्रस्ट समुचित परिचालन गर्ने विषय सहज देखिएको छैन। स्रोतसाधनका हिसाबले स्थानीय सरकार धेरै कमजोर छन्। विकसित देशमा स्रोतसाधनको प्रवाह तलबाट माथितर्फ हुन्छ अथवा स्थानीय सरकारले प्रान्त र केन्द्रलाई सहयोग पुऱ्याइराखेको हुन्छ, हाम्रो अवस्था यसभन्दा विपरीत छ। कार्यविधि र कार्य प्रणालीको व्यवस्थापनका हिसाबले निर्वाचित पदाधिकारीलगायत सम्बन्धित कर्मचारीलाई प्रशिक्षण प्रदान गर्नुपर्ने अवस्था छ। भौतिक स्थिति र कार्य वातावरण स्वस्थ र मैत्रीपूर्ण बनाई कार्य निर्वाध रूपमा अघि बढाउने पक्ष अझै चुनौतीपूर्ण छ।

नयाँ नेतृत्वलाई केही सुझाव : नवनिर्वाचित नेतृत्वले धेरै प्रकारका प्रतिवद्धता जनतासमक्ष गर्दै निर्वाचित भएको अवस्था छ। स्थानीय तहले जनतासमक्ष प्रत्यक्ष सम्पर्कमा रही कार्य गर्नुपर्ने हुन्छ। सेवाप्रवाहको महत्वपूर्ण तह पनि स्थानीय सरकार नै हो। यस तहका सरकारका लागि आम्दानी गर्ने, खर्च गर्ने, खर्चका स्रोत पहिचान गर्ने, सबै अधिकार संविधानले नै प्रदान गरेको छ। संघीय सरकारबाट समेत चार प्रकारका अनुदान प्रदान गरिन्छ। स्रोत साधनको अत्याधिक परिचालन न्यायोचित र उपयुक्त प्रकारले गर्दै गुणस्तरीय सेवाप्रवाह गर्ने अहं जिम्मेवारी पनि यही तहको सरकारहरूमा रहेको छ। यस्तो महत्वपूर्ण तहको सरकारमा रहनेहरूले स्रोतसाधनको उपयोगदेखि सुशासन प्रदान गरी मतदाताप्रतिको दायित्वको निर्वाह गर्नुपर्ने हुन्छ। त्यसैले यो संवेदनशील सरकारका नयाँ नेतृत्वलाई केही सुझाव दिनु उपयुक्त देख्छु।

सर्वप्रथम यस तहका सरकारका लागि सबैभन्दा ठूलो दायित्व सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, सरल, सुगम र गुणस्तरीय बनाउनु हो। यसभित्र समग्र विकाश निर्माणका कार्यहरू पनि पर्दछन्। विश्वभर सेवाप्रवाह गर्दा सार्वजनिक क्षेत्रबाट भन्दा निजी क्षेत्रबाट प्रवाहित सेवा गुणस्तरीय हुने देखिएको छ। सन् १९९२ को दशकदेखि विश्वले उदारीकरण, विस्वव्यापीकरण र निजीकरणलाई आत्मसात गर्दै आएको छ। प्रतिस्पर्धामा अब्बल दर्ज भई सेवा तथा वस्तुको प्रवाहमा निखार आउँदा मात्र निजी क्षेत्रले आफ्नो अस्तित्वलाई बचाइ राख्न सक्दछ। यसकारण स्थानीय सरकारले निजी क्षेत्रले अवलम्बन गरी आएका सार्वजनिक क्षेत्रका लागि पनि उपयुक्त हुने असल अभ्यासहरूलाई कार्यान्वयनमा लैजानु जरूरी हुन्छ। यसबाट सार्वजनिक सेवाप्रवाहमा सुधार आउँछ।

स्थानीय सरकारले गर्ने कतिपय कार्य यस तहका सरकारको मात्र प्रयासले सम्भव हुँदैन। प्रदेश र संघीय सरकारसँग समन्वय कायम गरी आफ्नो गन्तव्यमा पुग्न सक्नुपर्छ। फोहोरको व्यवस्थापन गर्ने कार्यमा संघीय सरकारको सहयोग जरूरी हुन्छ। खानेपानीको आपूर्ति गराउने विषयमा समेत संघीय सरकारको क्षेत्रगत मन्त्रालयको कार्यक्षेत्र आकर्षित हुन्छ। ठूला ठूला राष्ट्रियस्तरका आयोजनाको सफल कार्यान्वयनमा स्थानीय तहबाट प्रवाह हुने सेवामा आधारित हुने अवस्था छ। सबै प्रकारका सरकारले आफ्नो कार्य क्षेत्रभित्र पर्ने कार्यको व्यवस्थापनका लागि नियम, विनियम, मार्ग निर्देशिका, तयार पार्न सक्दछन्। तर, यस्ता प्रावधान संविधान, प्रदेश र संघीय सरकारका कानुनसँग विवादित हुनुहुँदैन। यदि, भएमा अमान्य हुन्छ। यथासमयमा प्रदेश र संघीय सरकारले तत्तत विषयमा कानुन निर्माण गर्दा मात्र स्थानीय तहले बिना अवरोध आफ्ना कार्य गर्न सक्दछन्। केन्द्रीय सरकारसँग स्थानीय तह धेरै प्रकारले निर्भर हुने अवस्था छ। संविधानले नै हाम्रो संघीयतालाई समन्वयात्मक र सहकार्यमूलक संघीय शासन प्रणालीका रूपमा स्वीकार गरेको छ। यस अर्थमा समेत स्थानीय तहले प्रदेश र संघीय सरकारसँग समझदारी कायम गर्दै कर्तव्य निर्वाह गर्नुपर्छ।

कतिपय अवस्थामा स्थानीय सरकारले आफ्नै क्षमतामा राम्रा कार्य सम्पादन गर्न सक्दछन्। केही पालिकाका प्रमुखले यो शुभसंकेत दिइसकेका छन्। राजापुर नगर पालिकाका प्रमुखले शिक्षकलाई शिक्षककै रूपमा हेर्न चाहेका छन्। शिक्षकलाई राजनीति गर्न नदिने दृढता प्रकट गरेका छन्। नेपालमा विशेषगरी सामुदायिक विद्यालय शिक्षक पूर्णकालीन कार्यकर्ताका रूपमा भूमिका निर्वाह गरिआएका छन्। शिक्षकको पहिलो प्राथमिकता राजनीति भएको छ। राजनीतिबाट बचेको समय अध्यापनमा खर्चिने सरकारी शिक्षकको बाहुल्यता छ। राष्ट्रिय अस्तित्व कायम गर्न सफल ठूला राजनीतिक दलले शिक्षकलाई आफ्ना कार्यकर्ता बनाउने प्रतिस्पर्धा गरिरहेका छन्। शिक्षक राजनीतिमा मूलप्रवाहीकरण भएको स्थिति छ। यो विकृतिलाई नियन्त्रण गर्ने दृढता प्रकट गर्दै कारबाहीमा उत्रिसकेकाले यसलाई राजापुर नगर पालिकाका प्रमुखको अदम्य साहसका रूपमा लिनुपर्छ। त्यस नगरका शिक्षकको ठूलो विरोध यस कदमका लागि हुनसक्छ।

ठूला राजनीतिक दल र ती दलका टिकटबाट विजयी बनेकाको सहयोग नगर प्रमुखलाई यो एजेन्डामा नहुन सक्दछ। यो कदम सफल पार्न उनलाई मत दिएर विजयी बनाउने मतदाताको समर्थन सहयोग अनिवार्य रूपमा हुनुपर्छ, अन्यथा नगर प्रमुख यही कदममा असफल हुनेछन्। अन्य विकसित केही देशमा समेत शिक्षकलाई राजनीति गर्ने छुट दिइएको छ। तर, उनीहरूले निर्वाह गर्नुपर्ने दायित्वबाट विमुख हुने सुविधा दिइएको छैन। नगर प्रमुखको यो सत्कार्यमा सफलता मिलेमा अन्य पालिकामा समेत यसलाई कार्यान्वयनमा लैजाने वातावरण बन्दछ। सकारात्मक संदेशको प्रवाह हुनेछ।

धनगढी नगर पालिकाका प्रमुखको प्रतिबद्धता भ्रष्टाचार नियन्त्रणमा आएको छ। भ्रष्टाचार देशको संस्कार बनिसकेको छ। सबै राजनीतिक दलबीच भ्रष्टाचार गर्ने विषयमा सर्वसम्मतिको वातावरण बनाइएको छ। संस्थागत बनिसकेको भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भ कठिन छ। चौतर्फी अवरोधको सामना गर्न पर्ने स्थिति हुन सक्दछ। यो कदममा सफलता प्राप्त गर्न दुईवटा रणनीति अवलम्बन गर्नु जरूरी हुन्छ। पहिलो हो स्वयं नगर प्रमुखले सच्चरित्रता कायम गर्दै भ्रष्टाचारविरूद्ध अभियन्ताकै रूपमा प्रस्तुत हुन सक्नुपर्छ। मन, वचन र कर्मले सदाचारी बन्नुपर्छ। उदाहरणका रूपमा आफूलाई प्रस्तुत गर्नुपर्छ। दोस्रो हो, भ्रष्टाचारविरूद्ध नागरिकलाई जागरूक बनाउनुपर्छ। हंगकंगमा १९६० को दशकमा व्याप्त भ्रष्टाचार त्यहाँका आमनागरिकको दबाबका आधारमा नियन्त्रणमा आएको छ। भ्रष्टाचारविरूद्ध स्वयं जनता परिचालित हुनु जरूरी छ। यसको नेतृत्व नगर प्रमुखले लिनुपर्छ।

धरानका नगर प्रमुखले धरानवासीलाई खानेपानीको सुविधा प्रदान गर्ने र नगरवासीसँग प्रत्यक्ष रूपमै सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता गरेका छन्। कोसी नदीको पानी लिफ्ट गरेर नगरवासीलाई उपलब्ध गराउने विषय स्वागतयोग्य छ। तर, धरान नगरपालिकाको कानुनी अधिकार, कार्यक्षेत्र, स्रोतसाधन, विज्ञता र प्रविधिले यसलाई धान्न सक्दछ वा सक्दैन विष्लेषण जरूरी छ। जनसेवाबाट प्रेरित भई भावनामा आएर प्रतिबद्धता गर्दै जाँदा प्रत्युत्पादक सिद्ध हुन सक्दछ। जनतासँग सहकार्य प्रत्यक्ष रूपमा गर्ने सन्दर्भलाई सफल गराउन सकिन्छ। जनताले निर्वाचित गरी पठाएका असल नगर प्रमुखले आफ्ना बाध्यतालाई यथार्थतामा जनतासमक्ष राख्नुपर्छ। केन्द्र र प्रदेशसँग समन्वय गरी गन्तव्यतर्फ अग्रसर हुनु व्यावहारिक हुनेछ।

राजधानी सहरका प्रमुख वालेनमा युवा जोश र प्राविधिक ज्ञान पर्याप्त छ। भारी मतान्तरले ठूला दुवै दलका उम्मेदवारलाई पछि पार्दै विजय भएका छन्। विजय जुलुस ननिकाल्न आफ्ना समर्थकलाई अनुरोध गरेका छन्। विद्युतीय काम कारबाहीलाई प्राथमिकतामा राखेका छन्। नगरवासी आकस्मिक दुर्घटनालाई प्राविधिक समेतको टोलीले सहयोग शीघ्र पु(याउने प्रतिबद्धता आएको छ। यी असल कार्यको प्रारम्भ प्रायः सबै स्वतन्त्र उम्मेदवारबाट भएको छ। संघ, प्रदेश र स्थानीय तहमा समेत दलका प्रतिनिधि निर्वाचित भएका छन्।

स्वतन्त्र उम्मेदवार एक्लो बृहस्पति बन्न सक्दछन्। यस अर्थमा स्वतन्त्र हैसियतमा निर्वाचित प्रतिनिधिले जनमुखी एजेन्डा पस्किँदै दलका आधारमा निर्वाचित प्रतिनिधिलाई आफ्नो एजेन्डामा ल्याउन सक्नुपर्छ। गठबन्धनलाई लिएर धेरै प्रकारका आलोचना यस निर्वाचनमा भएका छन्। तर, गठबन्धनले मिलिजुली संस्कृतिको विकाश गरेको छ। यद्यपि, यसले दलका आफ्ना राजनीतिक सिद्धान्तमा संकुचन ल्याउने काम भएको छ। निर्वाचित भई आएकासँग स्वतन्त्र रूपमा निर्वाचित भएकाले असल समझदारी कायम गर्नु जरूरी छ।

दलीय कित्तामा अभ्यस्तमा आफैं सर्वेसर्वा भएको गलत चिन्तन हाबी भएको छ। आफ्नो तहको संस्थागत क्षमताको आँकलन गर्नु जरूरी छ। प्रचलित कानुनी प्रावधान, उपल्लो तहका सरकारले निर्धारण गरेका नीति सबैको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै आफ्ना कार्यक्षेत्रभित्रका कार्यको निर्धारण गर्नु उपयुक्त हुन्छ। कार्यान्वयन गर्न नसकिने कार्यक्रमका साथै सस्ता नारालाई यस निर्वाचनले अस्वीकृत गरेको छ। पूर्व( पश्चिम र उत्तर दक्षिण रेलको सफर गर्न नेपाली लालयित थिए। भान्सामा ग्यासको पाइप लाइनको प्रतीक्षा पनि लामो समयसम्म नागरिकले गरेका थिए। कलकत्ता बंदरगाहवाट नारायणघाटसम्म पानी जहाजबाट सामान ढुवानी गर्ने मृगतृष्णाले पनि सचेत नेपालीले मनग्य निःशुल्क मनोरञ्जन लिएकै हुन्। यस्ता सस्ता आश्वासन बाँडेर जनतासँग दिल्लगी गर्ने कार्य निन्दनीय हुन्छ। त्यसैले पालिकाका प्रमुखले सम्बन्धित क्षेत्रका विज्ञको सहयोगमा कार्यान्वयन गर्न सकिने कार्यक्रम मात्र स्वीकृत गर्ने र जनतासमक्ष प्रतिबद्धता प्रकट गर्नु श्रेयस्कर हुनेछ।

पालिकाले महत्वाकांक्षी बजेट निर्माण गरेर आयोजना अलपत्र पारेका उदाहरण विगत पाँच वर्षको अवधिमा देखिएका छन्। बजेटको अधिकतम सीमा तोक्दा केन्द्रीय आश्वासनलाई आधार मानेर ठूलो आकारको बजेट निर्माण गरिएको अवस्था छ। कानुनमा स्रोत उपलब्ध हुने आधिकारिकताको अभावमा बाँकी ६ पृष्ठमा

# खेलकुद

## फ्रेन्च ओपन टेनिसको उपाधि पोल्याण्डकी इगा सिवाटेकलाई

काठमाडौं। फ्रेन्च ओपन टेनिसको उपाधि पोल्याण्डकी खेलाडी इगा सिवाटेकले जितेकी छिन्। फ्रान्सको पेरिसस्थित रोलाँ ग्यारोमा शनिबार राति भएको फाइनल खेलमा अमेरिकाकी कोको गौफलाई हराउँदै सिवाटेकले करियरमा



दोस्रो ग्रान्डस्लाम उपाधि हात पारिन्। गौफ विरुद्धको खेल सिवाटेकले ६-१ र ६-३ को सोझो सेटमा जितेकी थिइन्। सिवाटेकले यसअघि सन् २०२० को फ्रेन्च ओपन पनि जितेकी थिइन्। जितपछिको आफ्नो विजय भाषणमा सिवाटेकले युक्रेनमा जारी युद्ध अन्त्यको कामना गरिन्। उनले प्रतियोगिता अवधिभर सबै खेलमा युक्रेनको समर्थन स्वरुप युक्रेनी झण्डाकै रंगको रिबन लगाएकी थिईन्। फ्रेन्च ओपन टेनिसको पुरुषतर्फको उपाधिका लागि आइतबार स्पेनका राफाइल नादाल र नर्वेका क्यास्पर रुड भिड्नेछन्। किर्तीमानी २१ ग्राण्डस्लाम विजेता नादाल आइतबार १४ औं फ्रेन्च ओपनको उपाधि जित्ने लक्ष्यमा रहेका छन्। आठौं वरियताका रुड भने 'क्ले कोर्टका बादसाह' को उपनाम पाएका नादाललाई स्तब्ध पार्दै करियरमा पहिलो ग्रान्डस्लाम जित्ने अभियानमा हुनेछन्। रुड सन् २०१८ दखि स्पेनको मयोर्कामा रहेको नादालकै टेनिस एकेडेमीमा प्रशिक्षण गरिरहेका छन्।

## हंगेरीसँग इंग्ल्याण्ड पराजित

काठमाडौं। यूएफा नेसन्स लिग फुटबलको पहिलो खेलमा इंग्ल्यान्ड हंगेरीसँग पराजित भएको छ। हंगेरीको बुडापेस्टमा शनिबार राति भएको खेलमा इंग्ल्यान्ड हंगेरीसँग १-० ले पराजित भएको हो।

घरेलु टोलीलाई जित दिलाउन डोमिनिक सोबोस्लियाले खेलको ६६ औं मिनेटमा पेनाल्टीमार्फत निर्णायक गोल गरे। यो जितसँगै हंगेरीले लिग 'ए'




को समुह ३ मा अग्रता लिएको छ। यही समुहको अर्को खेलमा इटाली र जर्मनीले १-१ गोलको बराबरी खेलेका छन्। इटालीको बोलोग्नामा भएको खेलमा घरेलु टोलीका लोरेन्जो पेलेग्रिनीले पहिलो गोल गरे। तर, जर्मनीका जोसुवा किमिचले एक गोल फर्काएपछि खेल बराबरीमा सकिएको हो।

## एसीसी महिला टी-२० च्याम्पियनसिपका लागि नेपाली टोली घोषणा

काठमाडौं। मलेशियामा आयोजना हुने एसीसी महिला टी-२० च्याम्पियनसिपका लागि शनिबार नेपाल क्रिकेट संघ (क्यान)ले अन्तिम चरणको बन्द प्रशिक्षणका लागि १९ सदस्यीय नेपाली टोलीको घोषणा गरेको छ। नेपाल क्रिकेट संघ क्यानले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै मलेशियामा आयोजना हुने प्रतियोगिताका लागि अन्तिम चरणका लागि यो नेपाली टोलीको घोषणा गरेको हो। यद्यपि अन्तिम टोली घोषणा गर्न बाँकी छ। अन्तिम नामावली घोषणा पूर्वको टोलीमा एपिएफकी रेखा रावललाई प्रशिक्षणमा बोलाइएको छ। यस्तै गण्डकी प्रदेशबाट क्रिकेट खेल्दै आएकी मनिषा उपाध्याय पहिलो पटक राष्ट्रिय टोलीको क्याम्पमा अटाएकी छिन्। ईश्वरी विष्ट र ममता चौधरीलाई पनि प्रशिक्षणमा बोलाइएको छ। केहि साताअघि सिनियर टोलीबाट युगान्डाविरुद्ध डेब्यू गरेकी हिरन्मई राय भने टोलीमा समावेश छैनिन्। प्रतियोगिता जुन १७ देखि २५ सम्म मलेशियमा हुँदैछ। १० टोलीले सहभागिता जनाउने प्रतियोगितामा आयोजक मलेशिया सहित नेपाल, बहराइन, भुटान, हङकङ, कुवेत, सिंगापुर, ओमान, कतरा र संयुक्त अरब इमिरेट्स (युएई) रहेका छन्। एसियन क्रिकेट काउन्सिल (एसिसी) को आयोजनामा हुन लागेको प्रतियोगितामा १० टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। जस अन्तर्गत नेपाल समूह बी मा रहेको छ। नेपाल सम्मिलित समूहमा बहराईन, भुटान, हङकङ र कुवेत रहेका छन्। यस्तै समूह ए मा मलेशिया, ओमान, कतार, सिंगापुर र युएई समावेश छन्। समूहको प्रतिस्पर्धामा हरेक टोलीले एक आपसमा प्रतिस्पर्धा गर्नेछन्। समूह चरणको प्रतिस्पर्धा पछि दुबै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। फाइनलमा प्रवेश गरेका दुई टोली अक्टोबरमा आयोजना हुने महिला टी-२० एसियाकपमा छनोट हुनेछन्। छनोट हुने टोली भारत, पाकिस्तान, श्रीलंका र आयोजक बंगलादेश जस्ता टोलीसँग एसियाकप खेल्नेछन्। मलेशियाको किनरारा एकेडेमी ओभल र युकेएम-वाईएसडी क्रिकेट ओभल मैदानमा आयोजना हुने प्रतिस्पर्धामा नेपालले जुन १७ मा भुटान विरुद्ध खेल्दै प्रतियोगिताको आरम्भ हुनेछ। यो खेल नेपालले युकेएम-वाईएसडी क्रिकेट ओभलमा खेल्नेछन्।

## नेपाल.....

आफ्नो उत्पादन वृद्धि गरी निर्यात गर्न सक्ने बताए । संघले १० वर्षको अवधिमा १८ वटा बिस्कुट उद्योग बन्द भएको जनाएको छ । आयातित बिस्कुटसँग प्रतिस्पर्धा गर्न नसक्दा बिस्कुट उद्योग बन्द भएको संघको भनाइ छ । संघका अनुसार बिस्कुट उद्योगमा मात्रै १० अर्बभन्दा बढीको लगानी रहेको छ ।

बिस्कुट उत्पादन गर्दा बिस्कुटको प्रकृति हेरी ५ देखि १० प्रतिशत कच्चा पदार्थ मात्र आयात हुन्छ, अरु बाँकी मैदा, चिनी, घ्यू लगायतका ८० प्रतिशत कच्चा पदार्थ स्वदेशी नै खरिद गरी बिस्कुट उत्पादन हुने उनको भनाइ छ । संघले शतप्रतिशत कच्चा पदार्थ विदेशबाट आयात गरी तयारी वस्तु कोटामा पुनः विदेश निर्यात गर्ने उद्योग बिस्कुट उद्योग नभएको प्रष्ट पार्दै निम्न आय भएका उपभोक्ताले प्रयोग गर्ने दैनिक खाने कुरा रहेको जनाएको छ ।

यस्तै, नेपाल बनस्पति घ्यू तेल उत्पादक संघले भने बजेटमा भएको व्यवस्थाले तेल उत्पादन गर्ने उद्योग थप संकटमा पर्ने जनाएको छ । केही दिनअघि मात्रै प्रेस विज्ञप्ति नै जारी गरेको यस संघले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन नै आयोजना गरेर तत्काल यो व्यवस्था फिर्ता लिन सरकारसँग माग गरेको छ ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष सन्दिपकुमार अग्रवालले सरकारले तत्काल यो निर्णय फिर्ता लिई कच्चा पदार्थ आयातमा लाग्ने भन्सार महशुल छुट दिनु पर्ने बताए ।

'सरकारले बजेटमा बिस्टुक तथा चाउचाउ लगायतका उद्योगलाई प्रशोधित पाम र पामोलीन तेल आयात गर्न ५ प्रतिशत भन्सार महसुल अर्थात हालको व्यवस्गामा ६६.६७ प्रतिशत छुट दिई तयारी बस्तुभन्दा कच्चा पदार्थको भन्सार महसुल एक तह कम हुने नीति लिइएको छ, त्यसबाट वनस्पति घ्यू-तेल उद्योगहरु समस्यामा पर्ने हाम्रो बुझाइ छ, सरकारले तत्काल यो निर्णय फिर्ता गरोस्, कच्चा पदार्थ आयातमा लाग्ने भन्सार महशुल छुट हुनुपर्छ,' उनले पत्रकार सम्मेलनमा भने ।

उपभोक्तालाई प्रत्यक्ष रूपमा राहत दिनका लागी खाने तेलको महशुल दर कम गर्नुको सट्टा अन्य उद्योगहरुलाई कम महशुल दरमा तयारी खाने आयात गर्न दिने निति व्यवहारिक र विवेकपूर्ण नरहेको उनको भनाइ छ ।

यस्तै, संघका महासचिव अमित मोरले ३० वर्षदेखि सञ्चालित यस क्षेत्रमा १ खर्बको लगानी रहेको बताउँदै सरकारको यो निर्णयले १५ हजार मानिसको रोजगारी नै संकटमा पर्ने धारणा राखे । 'नेपाल सरकारबाट प्रस्तुत गरीएको बजेटमा विरोधाभाषपूर्ण निति अवलम्बन गरी यससंग सम्बन्धित उद्योगहरुलाई थप संकटोन्मुख अवस्थातर्फ धकेलिएको ठहर हाम्रो छ, छिमेकी मुलुक भारतले भंसार महशुल शुन्य प्रतिशतमा झारेको छ, यसले पनि हामीलाई समस्या हुन्छ,' उनले भने । उनका अनुसार चालु आवको १० महिनामा बैशाखसम्ममा ८७.६० अर्ब बराबरको वनस्पति तेल भारत निकासी भाको छ । उपभोकाहरुलाई प्रत्यक्ष रुपमा राहत दिनका लागी खान तलका महशुल दर कम गर्नको सट्टा उद्योगहरुलाई कम महशुल दरमा पाम र पामोलिन तेलको आयात गर्न दिने नितिले आफुहरूलाई मर्का पर्ने बताए । उनका अनुसार सरकारले यस व्यवस्थाको सीघ्र समाधान नगरेको खण्डमा उद्योगहरु बन्द नै हुन जाने र यसले समग्र अर्थतन्त्रमा प्रत्यक्ष रुपले गम्भीर असर पर्ने धारणा राखे । उनले आयात भइरहेको खाने तेल रोक्नका लागी समेत कच्चा खाने तेलको आयातमा भन्सार महशुल शुन्य प्रतिशत र मूल्यअभिवृद्धि करमा ५० प्रतिशत छुट दिनु पर्ने धारणा राखे ।

## काठमाडौं.......

**समस्याको बिकल्प खोजौ**

फोहोर मानिसले जति कम गर्न चहायो त्यतिनै कम

गर्न सक्छन् । अर्को फोहोरवाट पुनः

प्रयोग गर्न मिल्ने फोहोर एकठाउँ जम्मा गरेर त्यहीवाट पुनः प्रयोग हुने उधोगमा पठाउने गर्नुपर्छ । त्यसो गर्दा फोहोरको मात्र घट्छ ।

घरमै पनि कुइने र नकुहिने फोहोर छुट्याएर राख्ने चेतनाको लागि महानगरले व्यवस्थित डस्टपिनको व्यवस्थान गरिदिने र कुइने फोहोरलाई नजिकै कुनै एउटा केन्द्रमा कम्पोष्ट मल बनाउन महानगरका फोहोर कलेक्शन गर्ने निकायलाई लगाउने । त्यसो गर्दा फोहोर कम गर्न सकिन्छ एकातिर भने अर्कोतिर कृषिलाई कमपोष्ट मल कामलाग्छ । वातावरणीय दृष्टिले दुवै राम्रो हुन्छ ।

**तत्कालको समस्या सावधानको उपाय**

काठमाडौ महानगरपालिका क्षेत्रका चोक चोकमा थुप्रीयका फोहोर सवैभन्दा बढी पलाष्टिकका सामानहरु नै देखिन्छन् । भने केही फुटेक सिसा, कुच्चियका भाडाकुडा, विदेशवाट सामान ल्याएका खोल कार्टुनहरु देन्छि ।

यी कागजजन्य फोहोरलाई जलाउदा स्वस्थ्यमा असर नगरेपनि पलाष्टिक जन्य फोहोर जलाउदा असर गर्छ भनिएको छ । जे जस्तो भएपपनि कहिलेकाही समय र परिस्थितिको सामना गर्न निकास निकाल्न पर्ने हुन्छ । अहिले काठमाडौमा थुप्रीएको फोहोरको निकास दिन कागजजन्य र पलाष्टिकजन्य फोहोरलाई कुनै खुल्ला ठाउमा लगेर जलाउने र कुइने तरकारी टुक्राटुक्री चियापतिको ढुटो भातभान्साको जुठोलाई कतै एकाठाउमा मानव वस्ती कम भएका क्षेत्रमा लगेर खाल्टोमा हाल्ने गर्दा सिसडोलको समस्या रहुनजेल वा अर्को विकल्प नखोजुनजेल सावधान गर्ने उपाय हुनसक्छ ।

यस्ता कुनैपनि उपायले काम गरेनन् भने नेपालको सवैभन्दा धेरै खुल्ला ठाउ भउको सिंहदरवारमा लगेर फोहोर थुपारेर भएपनि काठमाडौमा कोच्चियर निसासियर बसेका बाहिर निस्किदा झनै फोहोर गन्हायर अकान्त जन भावनालाई शान्तिदिन भने पनि यो काम गनैपर्ने देखिन्छ ।

यस्ता रचनात्मक कामहरु गरेर काठमाडौ महानगरपालिकामा खेलेको फोहोर माथिको राजनीतिलाई चुनौती दिदै सिसडोलमा उफिएका रिमोट कन्ट्रोलका रिमोटहरुको व्याट्री भिकिदिन सक्नुपर्छ ।

## बाजुरा......

छ । नेपाल प्रहरीले डिएसपीमा सुर्यबहादुर थापा र गंगादत्त पन्तलाई बाजुरा ल्याइएको छ । यसैगरी, नर्वाचन अधिकृतमा लक्ष्मण बशादुर कडायतले ल्याइएको छ ।

बाजुराका प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले भने, 'निर्वाचन आयोगले तोकेको मितिमा निर्वाचन सम्पन्न गर्ने गरी हामी पूर्ण तयारीका बसेका छौं ।'

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले यही जेठ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने तयारी अनुसार नयाँ सुरक्षा टोली, नयाँ निर्वाचन अधिकृत लगायत निश्चित भइसकेको जानकारी दिए । यसैगरी निर्वाचनका लागि आवश्यक मतपत्र, मतपेटिका लगायतका सामग्रीसमेत बाजुरा पठाइसकिएको उनले बताए ।

## जिल्ला.....

उपाध्यायले जानकारी दिनुभयो । जिसस सदस्यमा लीलाकुमारी धामी, गणेशसिंह धामी, प्रकाशदत्त भट्ट, सुनिता विक, टेकबहादुर धानुक बसन्तीदेवी भूल र संजय जैरू पनि निविरोध चयन हुनुभउको छ । उम्मेदवारहरू निर्विरोध चयन भएको भएपनि औपचारिक घोषणा भने २२ गते हुने मुख्य निर्वाचनको कार्यालयले जानकारी दिएको छ ।

दुई नगरपालिका र पाँच गाउँपालिका गरी सात वटा स्थानीय तह रहेको डडेल्धुरामा १४ मतभार रहेको थियो । जसमध्ये कांग्रेस एक्लैसँग १० मतभार थियो । सोहीकारण डडेल्धुरामा जिल्ला समन्वय समिति काँग्रेसकै नेतृत्वमा गठन भएको हो ।

गएको वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा कांग्रेसले अमरगढी नगरपालिका प्रमुख र उपप्रमुख, गन्यापधुरा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नवदुर्गा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, परशुराम नगरपालिका प्रमुख, अजमेरु गाउँपालिका उपाध्यक्ष र भागेश्वर गाउँपालिका अध्यक्ष र उपाध्यक्ष जितेको थियो । नेकपा माओवादी केन्द्रसँग मतभार ४ रहेको थियो । उसले अजयमेरु गाउँपालिका अध्यक्ष, आलिताल गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र परशुराम नगरपालिकामा उपप्रमुख जितेको थियो । एमालेले भने यहाँ शून्य छ ।

## स्थानीय......

नम्बर वडा समेत केपी ओलीको प्रतिष्ठासँग जोडिएको स्थान हो । सो क्षेत्रका मतदाताले ओलीलाई आफ्नो गौरवकै प्रतीक मान्दै आएका थिए । करिब २ वर्ष पहिलेको कुरा हो ।

संकुचित मानसिकता बोकेका स्वार्थी नेताबाट राज्यले निकास नपाउने देखेपछि विकल्प खोज्ने क्रममा स्थानीय तहमा नयाँ योग्य व्यक्तिले नेतृत्व लिन पुगेका छन्

त्यसबेला केपी शर्मा ओली प्रधानमन्त्री क्वाटर बालुवाटारमा बस्दथें । उनकै गृहवडा दमक नगरपालिका वड(५ का केही प्रबुद्ध व्यक्तिकै अगुवाइमा सो क्षेत्रका समाजसेवी झापा मोरंग काठमाडौंलगायतका ४/५ जिल्लाकै सर्वपक्षीय प्रतिनिधि तथा विभिन्न क्षेत्रमा प्रसिद्धि प्राप्त प्रतिष्ठित व्यक्ति समेतको चौध, पन्ध जनाको प्रतिनिधि मण्डल राष्ट्रिय गौरवको महत्वपूर्ण मुद्दा'दयगत गाउँ टोलका बासिन्दा केपी शर्मा ओलीलाई होइन मुलुककै कार्यकारी प्रधानमन्त्रीलाई भेटी आफ्ना कुरा राख्न प्रधानमन्त्री निवास बालुवाटार जाने उद्देश्यले पत्रद्वारै तत्कालन प्रधानमन्त्री केपी शर्मा ओलीलाई आग्रिम जानकारी गराएका रहेछन् ।

भेट गर्ने समय निश्चित गरी केही दिनमै जानकारी गराइने भन्ने ओलीको सन्देश उनकै निवासको सचिव राजेश वज्राचार्य र इन्द्र भण्डारीमार्फत प्रतिनिधिमण्डलले प्राप्त गऱ्यो । केही महिना बितेपछि, सचिव वज्राचार्य र इन्द्र भण्डारीमार्फत बराबर केपी ओलीलाई स्मरण गराउँदा पनि ओलीले भेट दिएनछन् । करिब एक डेढ वर्ष नै बित्दा पनि सो'दयगत ओलीले चासो नदिएपछि केपी ओलीकै बाल शाखा, सहपाठी विद्यार्थी साथी, जिल्लाका प्रतिनिधिमध्येकै केहीले ओलीलाई नै फोन गरी हामीले राष्ट्रिय सरोकारकै महत्वपूर्ण विषयमा कुरा राख्न खोजेका थियौं । करिब २ वर्ष बित्न लाग्दा पनि १५/२० मिनेटको समय हामीलाई दिनु भएन । तपाईंसँग भेट्ने कुरा टुंग्याइएको छ । तर, यसको नकारात्मक असर तपाईंले राजनीतिक जीवनभर सामना गर्नुपर्ने छ भनी जानकारी गराएका रहेछन् ।

ओलीकै गृहनगरका तिनै स्थानीय प्रभावशाली व्यक्ति अहिलेको स्थानीय निर्वाचनमा ओली नेतृत्वको नेकपा एमाले पार्टीलाई उनको गृहनगरकै मेयर, उपमेयर र वडा अध्यक्षमै हराउन सक्रिय रहेको परिणाम ओली सो स्थानमा अहिले पराजित भए । ओलीको यो पराजयलाई उनीहरूले आफ्नो प्रारम्भिक चरणको जित ठानेका छन् । पराजय पनि नेकपा एमाले पार्टीको नभै ओलीको हैकमवादको पराजय टोलीले ठानेको छ । आगामी संघीय संसद् र प्रदेश संसद्को चुनावमा पनि सो क्षेत्रबाट ओली पक्षलाई प्रभावशून्य बनाउने रणनीतिसहित सो समूह सक्रिय रहँदै आएको जानकारी स्तम्भकारले पाएको छ । यस्ता दृष्टान्त अनेत्र पनि प्रशस्त छन् । नेतृत्व विशेषको कारण सिंगो पार्टी पंक्तिलाई यस्तो असर पुग्ने कार्य पछिल्लो समयमा भैरहेको छ । स्वतन्त्र उम्मेदवारको विजय यसैको परिणाम हो । यसलाई पार्टीभित्र अन्तर्घात भएको र उम्मेदवारको टिकट वितरण त्रटिपूर्ण भएर पार्टी पराजित भएको भनी अध्यक्ष केपी ओलीले नै स्वीकार गरिसकेका छन् । तर अन्तर्घात के कारणले भयो भन्ने'दयगतमा उनी आफैं लाचार बने ।

प्रधानमन्त्री शेरबहादुर देउवाकै गृहवडा डडेलधुरा र काठमाडौंको बुढानीलकण्डमा पनि देउवाको हैकमवादलाई मतदाताहरूले लत्याइदिए । देउवाकै गृहवडामा भएको नेपाली कांग्रेसको लज्जास्पद पराजय पनि पार्टीको होइन देउवाको पराजयको रूपमा मतदाताले अर्थ्याएका छन् । डडेरधुराको सन्दर्भ त आरजु भाउजूको चुनावी वक्तव्यपछि त झन् चुनौतीपूर्ण बनेको कांग्रेस पार्टीका मतदाताले महसुस गरें । नेकपा एमाले र कांग्रेसका यी दुई दृष्टान्त दलको कमीकमजोरीको कारण होइन शीर्षस्थ नेताकै कार्यशैलीको कारण उत्पन्न भएको हो । गृहवडाकै चुनाव परिणामले ओली र देउवालाई सच्चिने शिक्षा दिएको छ । त्यसलाई अनुसरण गरी सुने वा यथावस्थालाई नै निरन्तरता दिएर पार्टीलाई नै धाराशयी बनाउने ? देउवा र ओलीले मात्र होइन यही प्रवृत्तिका अरू सबै शीर्षस्थ नेताले बुझ्न जरुरी छ । राजधानी दैनिक

## बागी........

कार्यक्रम तर्जुमा गर्न नहुने स्पष्ट उल्लेख भएको छ । यसलाई कतिपय जनप्रतिनिधिले अवज्ञा गर्दै आएका छन् । कानुनी प्रावधानभन्दा पनि आफ्ना नेताको आश्वासनलाई आधार मान्दै विस्वस्त हुने गलत प्रवृत्तिमा सुधार आउनु अत्यावश्यक छ ।

संघीयतालाई सबै समस्याको समाधानका हिसाबले हेर्ने गलत प्रवृत्ति राजनीतिकर्मीमा देखिएको छ । यो एउटा शासकीय प्रणाली मात्र भएकाले मध्यम र साधन मात्र हो, साध्य विल्कुल होइन । हालसम्म यस प्रणालीको अवलम्बन गरिआएका देश १४ प्रतिशत मात्र छन् । स्रोत साधन पर्याप्त भएका, सचेत नागरिक रहेका, प्रविधि र विशेषज्ञताको कमी नभएका देशमा संघीय शासन प्रणाली सफल भएको देखिन्छ । संघीयतालाई लोकतान्त्रिक शासन प्रणाली र राजनीतिक अधिकार भरपुर प्राप्त गर्ने साधनका रूपमा लिइएको छ । स्थानीय निकायका प्रतिनिधिले संघीय शासन प्रणाली'दयगत राम्ररी जानकारी लिनुपर्छ । यसका कानुनी र सैद्धान्तिक पक्ष, प्रक्रियागत जानकारी, लिनु अपरिहार्य छ । यसका लागि यथाशीघ्र विषयविज्ञ आमन्त्रण गरी प्रशिक्षण लिने कार्यलाई प्राथमिकतामा राख्दा उत्तम हुनेछ । स्वतन्त्र सरकारको मनोविज्ञान पालेर स्थानीय तहमा प्रतिनिधि बसेका छन् । कतिपय सन्दर्भमा वर्तमान समयमा पनि सिंहदरबार हाबी भएको देखिन्छ । यसबाट स्थानीय तह कुण्ठित हुँदै गएका छन् । सिंहदरबारले स्थानीय तहमा क्षमताको विकास भई नसकेको आधारमा सबै अधिकार व्यवहारमा छाड्न चाहेको छैन । यसमा सुधार गरेर संवैधानिक व्यवस्थाका आधारमा प्राप्त अधिकार निर्बाध रूपमा उपयोग गर्न पाउने वातावरण तयार पार्न सबै तहका सरकारको सकारात्मक प्रयास हुनु अत्यावश्यक छ । स्थानीय तहको व्यवस्थाले सार्वजनिक सेवाप्रवाहलाई सहज बनाउन सक्नुपर्छ । एकात्मक शासन प्रणालीको तुलनामा संघीय शासन प्रणालीमा नागरिकले थप सेवासुविधा प्राप्त गरेको अनुभूति व्यवहारमा हुनुपर्छ । गाविसलाई पालिकामा विभाजन गर्दा कतिपय सेवासुविधा प्राप्त गर्न असहजता महसुस समेत नागरिकले गरिरहेका छन् । भ्रष्टाचारलाई संस्कार र सभ्यताका रूपमा सबै तहका सरकारले ग्रहण गरेका छन् । स्थानीय तहमा अत्याधिक भ्रष्टाचार भएको देखिँदै छ । नियन्त्रक निकायमा परेका उजुरीमध्ये स्थानीय निकायकाको प्रतिशत ६६ छ ।

## अन्तराष्ट्रिय समाचार

# रुस-युक्रेन युद्धको सम्भावित ५ विकल्पहरू

युद्ध सुरु भएपछि कसैको हार, कसैको जित हुन्छ । राष्ट्रपति भ्लादिमिर पुटिनको युक्रेनमाथि हमला यसको अपवाद हुनसक्दैन । रुस युक्रेनतर्फ तीब्र गतिमा अगाडि बढिरहेको छ । मिसाइल र गोलाबारुदबाट शहरका शहर उजाड भइरहेका छन् । युक्रेनका सर्वसाधारण पनि 'सैनिक' बनेर डटिरहेका छन् र युद्ध अझै जारी रहने सम्भावना प्रबल छ । युक्रेनमाथि रुस हमलाको सय दिन पूरा भइसकेको छ । यो अवस्थामा अब यो युद्ध कसरी अगाडि बढ्ला ? त्यसो त, यो युद्ध हो, जहाँ एक पलमै जे पनि हुनसक्छ तर अहिलेसम्मका घटनाक्रमहरूलाई नियाल्दै अबको सम्भावित नतिजा केलाउँदा यी पाँचमध्ये एक परिणाम आउनसक्छ । 'परिणाम यही आउँछ' भन्न त सकिन्न तर सय दिन नाघिसकेको युद्धको नतिजा यी हुनसक्छन् ।

१. लामो समयसम्म संघर्ष

युक्रेन र रुसबीचको यो लडाइँ लामो समयसम्म चलिरहन सक्छ । यदि वर्षौंसम्म नभए पनि कम्तिमा केही महिनासम्म जारी रहने सम्भावना छ । रुस र युक्रेनका सेनाहरू दिनहुँ आपसमा लडिरहेका छन्, दिनहुँ एकअर्कामाथि आक्रमण गरिरहेका छन्, त्यसैले यो युद्ध लामो समयसम्म चल्ने सम्भावना छ । कहिले एक पक्ष अलि बलियो हुन्छ र कहिले अर्को पक्ष । तर दुवैमा न कुनै पक्ष झुक्न तयार छ न पछाडि हट्न । राष्ट्रपति पुटिनले 'रणनीतिक सहनशीलता' देखाएर जित्न सक्ने बुझेका छन् र यही रणनीतिमा दृढ संकल्प गरेका छन् । पुटिनका लागि पनि यो एकप्रकारको जुवाजस्तै हो, युक्रेनमाथिको हमलाले पश्चिमी देशहरूमा दबाब बढ्नेछ र आफूमाथि पर्ने आर्थिक संकट र चीनबाट हुने खतरामा बढी ध्यान केन्द्रित गर्नेछन् । तर, युरोपेली देशहरूले अहिलेसम्म युक्रेनलाई जसरी सहयोग गरेका छन्, त्यसबाट उनीहरू युक्रेनलाई हतियार आपूर्ति गर्न प्रतिबद्ध छन् र गरिरहने छन् भन्ने संकेत मिल्छ । यस्तो अवस्थामा यो एक 'निरन्तर युद्ध' मा परिणत हुँदैछ । एक अष्ट्रेलियाली सेवा निवृत्त जनरल तथा सैन्य मामिला विद्वान मिक रायन भन्छन्, 'आगामी दिनमा वा पछिल्ला दिनहरूमा दुवै पक्षको रणनीतिक जीतको सम्भावना कम छ ।'

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन

२. पुटिनद्वारा युद्धविरामको घोषणा

के राष्ट्रपति भ्लादिमिर पुटिनले एकतर्फी युद्धविरामको घोषणा गरेर सारा संसारलाई चकित पार्लान् र ? उनले रुसको सैन्य अभियान अब पूरा भएको दाबी पनि गर्न सक्छन् । डोनबासमा रुसी समर्थक पृथकतावादीहरू सुरक्षित गर्ने र क्रिमियाको लागि एक कोरिडोर स्थापना गरेसँगै विकसित अवस्थामा उनले युक्रेनलाई नैतिक आधारमा लडाइँ बन्द गर्न दबाब दिन सक्छन् । क्याथम हाउस थिंक ट्याङ्कका विज्ञ केइर गिल्सले भन्छन्, 'रूसले जुनसुकै बेला यो चाल प्रयोग गर्न सक्छ, जसमा उसले युक्रेनमा युरोपेली दबाबको फाइदा उठाउन चाहँदा उसले पछि हट्दै शान्तिको मूल्यमा केही क्षेत्रहरू आफ्नो अधिकार त्याग्न सक्छ ।' यस्ता तर्क अहिले पेरिस, बर्लिन र रोममा सुनिन थालेका छन्, जहाँ युद्धलाई धेरै लम्ब्याइनुको कुनै फाइदा छैन भन्ने भन्न थालिएको छ । साथै, यो विश्वव्यापी आर्थिक सास्तीको अन्त्य गर्ने बेला हो । तर, अमेरिका, बेलायत र पूर्वी युरोपका अधिकांश क्षेत्रले यसको विरोध गर्नेछन् । रुसले एकतर्फी युद्धविरामको घोषणा गरेमा यसले युद्धको परिदृश्यमा ठूलो परिवर्तन ल्याउनसक्छ तर यसले युद्धको अन्त्य भने हुँदैन ।

३. युद्धक्षेत्रमा गतिरोध

रुस र युक्रेनले यो युद्धबाट केही पनि उपलब्धि हुँदैन र यो गतिरोधको अन्त्यका लागि राजनीतिक समाधानतर्फ अघि बढ्नुपर्छ भन्ने स्वीकारे भने कस्तो होला ? दुवैतर्फका सेनाहरू थाकेका छन् । युद्धका लागि आवश्यक सामग्रीको अभाव सुरु भएको छ । यस्तो अवस्थामा लडाइँ जारी राखेर रगत बगाउनु र पैसा बर्बाद गर्नु जायज हुन सक्दैन। रूसको सैन्य र आर्थिक क्षति स्थायी होइन । युक्रेनका जनता युद्धबाट थाकिसकेका छन् । शतप्रतिशत विजय हासिल नहुने अवस्थामा जितको नाममा उनीहरू अब आफ्नो ज्यान जोखिममा राख्न तयार छैनन् । केभ नेतृत्वले पश्चिमबाट समर्थन कायम गर्ने प्रतिज्ञाप्रति विश्वास गुमाउँदै वार्ताबाट समस्या समाधान गर्ने समय आएको महसुस गऱ्यो भने के हुन्छ ? उता, अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो उद्देश्य रुसमाथि हमला गर्नु नभई युक्रेनलाई वार्ताको टेबुलमा बलियो स्थितिमा उभ्याउनु हो भनेर पटकपटक दोहोऱ्याइसकेका छन् ।

युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्की

४. युक्रेनको सम्भावित विजय

सबै चुनौतीहरूको बावजुद के युक्रेन विजयी हुन वा विजयको नजिक पुग्न सक्छ ? के युक्रेनी सेनाले रुसलाई फेब्रुअरीमा आक्रमण गर्नुअघिको अवस्थामा फर्काउन सक्छ ? युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले यस्तो दाबी त पक्कै गर्छन् । एक टिभी अन्तर्वार्तामा उनले युक्रेनले यो युद्ध अवश्य जित्ने बताए । के रसिया डोनबास कब्जा गर्न असफल भयो र थप क्षति व्यहोर्न तयार होला ? युरोप-अमेरिकी प्रतिबन्धका कारण रुसले क्षति बेहोर्नुका साथै युद्धको स्तरमा पनि असर गरेकोमा कुनै शंका छैन । युक्रेनले युरोपेली देशहरू र अमेरिकाबाट लगातार सैन्य सहायता पाइरहेको छ। अब युक्रेनले आफ्नो रक्षात्मक नीतिलाई आक्रमणको नीतिमा परिवर्तन गरेको छ । तर अब यस्तो भयो भने ' ? नीति निर्माताहरूले यसको नतिजाबारे चिन्ता व्यक्त गरिसकेका छन् । यो पराजयलाई ध्यानमा राखेर पुटिनले रासायनिक वा आणविक आक्रमणको बारेमा सोच्न सक्ने सम्भावना छ ।

५. रूस को लागि सम्भावित जीत

प्रारम्भिक असफलताहरूको बावजुद रूस अझै पनि राजधानी किभ कब्जा गर्ने र युक्रेनको धेरै भागलाई आफ्नो नियन्त्रणमा ल्याउने योजना बनाइरहेको पश्चिमी अधिकारीहरूको बलियो बुझाई छ । एक अधिकारीले भने, 'अधिकतम भूभाग कब्जा गर्ने उनीहरूको उद्देश्य अझै जीवित छ ।' रुसले डोनबासमा आफ्नो आंशिक सफलतालाई पुँजीकरण गर्दै त्यहाँबाट सेनाहरू सम्भवतः किभलाई निशाना बनाउँदै अन्यत्र लैजान सक्छ । युक्रेनी सेनाले लगातार घाटा बेहोरिरहेकै छ । राष्ट्रपति जेलेन्स्कीले हरेक दिन करिब १०० युक्रेनी सैनिक मरिरहेको र ५०० सैनिक घाइते भइरहेको पहिलादेखि नै स्वीकार्दै आएका छन् । युक्रेनका जनताको विचार फरक हुन सक्छ, कोही संघर्ष जारी राख्न चाहन्छन् भने कोहीले शान्ति मार्गको वकालत गर्छन्। केही पश्चिमी देशहरू युक्रेनलाई निरन्तर समर्थनबाट थाकेका पनि हुनसक्छन् । तर यदि अन्य देशले रुसले जितेको महसुस गरे भने उनीहरूले पनि युद्धलाई तीव्र पार्न चाहनेछन् । एक पश्चिमी कूटनीतिज्ञले मलाई गोप्य रूपमा भने कि पश्चिमले रुसलाई चेतावनीको रूपमा प्रशान्त क्षेत्रमा परमाणु हतियार परीक्षण गर्नुपर्छ । यो पृष्ठभूमिमा रुस(युक्रेन युद्धको भविष्य अझै तय भएको छैन । बीबीसी हिन्दीबाट

# साहित्यकार सम्मान र 'गौरवमय सिन्धुली' को लोकार्पण




काठमाडौं । साहित्यकार एवं संस्कृतिविद् कुलचन्द्र कोइरालाको ९४ औं जन्मजयन्तीका अवसर पारेर विभिन्न स्रष्टा तथा सनहित्यकारलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको छ । स्वर्गीय कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानद्वारा काठमामाडौंमा आयोजित २९ औं स्मृति सभामा उनीहरुलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको हो । साहित्यकारहरु सनत रेग्मी, प्रेम खत्री र दधिराम सुवेदीलाई क्रमश : २०७७,२०७८ र २०७९ को कुलचन्द्र कोइराला राष्ट्रिय पुरस्कार प्रदान गरियो । उनीहरुलाई २५ हजार राशीको पुरस्कार र सम्मान स्वरुप ताम्रपत्र प्रदान गरिएको थियो ।

त्यसैगरी साहित्यकारहरु अच्युतरमण अधिकारी,प्रा.डा. भुवन ढुंगाना,प्रा.डा. उषा ठाकुर र शेषराज शिवाकोटीलाई नेपाली साहित्य सृजनामा पुऱ्याएको योगदानलाई कदर गर्दै सम्मान गरिएको थियो । सो अवसरमा सम्मानित एवं पुरस्कृत व्यक्तित्वहरुले स्वर्गीय कुलचन्द्र कोइरालाले नेपाली साहित्य,धर्म र संस्कृतिको क्षेत्रमा पुऱ्याउनु भएको योगदानकाबारे चर्चा गरेका थिए । सो सभामा स्वर्गीय कुलचन्द्र कोइरालाद्वारा लिखित तथा उहाँका सुपुत्र एवं साहित्यकार स्वर्गीय जीवनचन्द्र कोइरालाद्वारा सम्पादित पुस्तक 'गौरवमय सिन्धुली' को लोकार्पण गरिएको थियो । उक्त पुस्तकको प्रा.डा सुरेशराज शर्मा र प्रा.डा.लोक बिक्रम थापाले संयुक्त रुपमा लोकार्पण गर्नुभएको थियो । त्यस अवसरमा प्रतिष्ठानको वार्षिक प्रतिवेदन पेश गर्दै प्रतिष्ठानका सचिव विष्णु सापकोटाले साहित्यकार स्वर्गीय कोइरालाको अर्धकदको शालिक कपिलवस्तु जिल्लाको कपिलधाममा निकट भविष्यमै अनावरण गर्न लागिएको जानकारी गराउनु भएको थियो ।

# सुसेलीको २६ औं भर्चुअल कार्यक्रम सप्पन्न

काठमाडौ । राष्ट्रिय सुसेली मञ्चका अध्यक्ष दुर्गा भमरकोटेज्युको सभापतित्व, मञ्चकि उपाध्यक्ष सुशीला ढकाल अधिकारी र महासचिव दामोदर ढकाल दिपकको संचालनमा २६ औ भर्चुअल कार्यक्रम यहि मिति २०७९ जेठ १७ गते सम्पन्न भएको छ ।


कार्यक्रमको पहिलो सत्रमा, गत महिना २५औं अङ्कको रुपमा आयोजित तेस्रो वार्षिक उत्स्वको समिक्षा गरेर सकियो जस्मा बोल्नुहुने प्रायः सबैले कार्यक्रम सभ्य भव्य रुपमा सम्पन्न भएको र आगामी वर्षको कार्यक्रम गर्नु कम्तिमा १ हप्ता अगावै मीटिङ बस्नुपर्ने आवश्यकता औंल्याए ।

दोस्रो सत्रको रुपमा सुरु भएको वाचनको क्रममा क्रमशः पवन बुढाथोकी, कृष्ण के सी, विमला ढकाल, यशोदा गिरी, लक्ष्मी प्रसाद मिश्र, जानुका थापा रायमाझी, उत्तम विचार , पूनम घिमिरे, सुरेशचन्द्र घिमिरे, चन्द्रावती अधिकारी, शारदा आचार्य, ललिता कार्की, उर्मिला पन्त, वासुदेव ठकुरी, हरि शर्मा पंगेनी, चन्द्रा न्यौपाने, गंगा लिगल, द्वारिका कुइँकेल, मोहन कार्की, शुशिला पौडेल, एवम् विशिष्ट अथिती आदरणीय कलानिधि दाहालले आ(आफ्ना सुसेलीहरू सुन्दर र लयात्मक रुपमा प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमलाई बिट मार्दै मञ्चका अध्यक्ष दुर्गा भमरकोटेले सुसेलीकै माध्यमबाट सबैका सुसेलीहरू उत्कृष्ट रहेको आशय व्यक्त गर्नु भयो ।

यस अघि पहिलो सत्रमा पूनम घिमिरेको अध्यक्षतामा गठित महिला विभाग, जसमा उर्मिला पन्त पाण्डे उपाध्यक्ष,

विमला ढकाल सचिव, यशोदा गिरी कोषाध्यक्ष, सानू शर्मा, उषा के सी, विनिता कुँवर र सानू महत सदस्य रहेको नव गठित कमिटीलाई अध्यक्षले विषेश बधाई दिँदै कार्यक्रम सकिएको घोषणा गर्नु भयको थियो ।




# शेखर ढुंगेलको कथाकृति 'जात' लोकार्पण

काठमाडौं । साहित्यिक पत्रकार संघद्वारा जेठ २२ गते आयोजित एक विशेष साहित्यिक समारोहमा सर्जक शेखर ढुंगेलको नयाँ कथाकृति 'जात' को लोकार्पण गरियो । समारोहका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले उक्त कृतिको लोकार्पण गरेका थिए ।




कुलपति उप्रेतीले ढुंगेलको साहित्यिक सक्रियताको प्रशंसा गर्दै जात कृतिका माध्यमबाट उनले नेपाली साहित्यमा थप योगदान गरेको बताए। साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा भएको समारोहमा वरिष्ठ समालोचक प्रमोद प्रधान र आख्यानकार एवम् पत्रकार बबिता बस्नेतले लोकार्पित कृतिमाथि समीक्षात्मक मन्तव्य राखे ।

सो अवसरमा वरिष्ठ समालोचक प्रमोद प्रधानले सुख र खुशीको खोजमा विदेश गएका नेपालीहरूको दुःख र पीडालाई कथाकारले प्रमुख विषय बनाएको बताए । अर्का समीक्षक बबिता बस्नेतले कथामा नयाँ विषयहरूलाई रोचक तरिकाले प्रस्तुत गरिएको धारणा राखिन् ।

समारोहमा वरिष्ठ पत्रकार देवप्रकाश त्रिपाठी र शिक्षाविद् विद्यानाथ कोइरालाले पनि कृति र कृतिकारबारे आ(आफ्ना धारणा राखेका थिए। अध्यक्ष लेकाली, कृतिका लेखक ढुंगेल, साहित्यकार डा दामोदर पुडासैनी, कवि यादव भट्टराईले पनि आ(आफ्नो विचार राखेका थिए ।

प्रमुख अतिथि कुलपति उप्रेती, लेखक ढुंगेल, समीक्षकद्वय प्रमोद प्रधान र बबिता बस्नेत र कृतिका सम्पादक युवराज नयाँघरेलाई मायाको चिनो प्रदान गरिएको थियो ।

अतिथिका रुपमा सरु सुनारसहित साहित्यकारहरू डा गार्गी शर्मा, राजन कार्की, नरेन्द्रराज पौडेल, गोविन्द गिरी प्रेरणा, सुबासचन्द्र ढुंगेल, रवि प्रान्जल, विजयध्वज थापा, किशोर विश्वकर्मा, भानुप्रकाश जोशी, दिव्य गिरी, मुरारि सिग्देल, तर्कना शर्मा, निर्मलरमण पराजुली, नारायण शर्मा, रेखा यादव, शिव अधिकारी, शशी थापा, कल्पना खरेल, राज रजक, प्रकाश घायल, रुद्र अधिकारी,

हरेराम पौडेल, डा गीपी शर्मा, दिनदयाललगायतको उपस्थिति रहेको थियो ।

# छुट्टिनुको पिडा



**कृष्ण बहादुर बोगटी**

भावीले नि के लेखेछ बुढेसकालमा जेल पर्ने,
आफन्त सबले छाडी गए अव कस्को आश गर्ने ।

हिरातुल्य मेरो जीवन फलाम जस्तो भयो,
अधिकारकर्मी भन्नेले इज्जत सबै माटोमा मिलाई दियो ।

जेलबाट छुटिजाने आइसक्यो बेला,
घरबार बिहिन बुढेसकालमा कता जाने होला ।

जेलबाट जान मलाई साह्रै गाह्रे हुने,
साथीभाई छाड्नु पर्दा योमन साह्रै रुने ।

धेरै बर्ष साथ बस्यौ साथीभाई भई,
छुटिम हुने बेला भयो यो मन त्यसै बस्छ रोई ।

पिर चिन्ता केहि थेन जेलमा बस्दा खेरी,
बन्धनमा बाधिनु छ संसारिकमा फेरी ।

जेल परेको चार बर्ष भो सबले नाता तोड्ने,
जेलबाट छुट्ने समय भो थाल्छन नाता जोड्न ।

जिन्दगी भर साथ दिन्छु भन्ने थिए पैले,
दुःख पर्दा सबले माया छाड्दै गए अैले ।

कहा धुन सारंङ्गीको कहा बाँसुरीको,
सारै मिठो धुनरैछ झिम्के परेलीको ।

मुरलीमा मिसाउछु परेलीको धुन,
रिसाउछौ कि खुशी हुन्छौ दील खोली भन ।

स्वर्गमा इन्द्र सामु नाच्ने राम्रा अप्सरा,
त्यो भन्दानी राम्री देखी मैले हो मन परा ।

मनैदेखी माया तिम्लाई मुटु देखी माया,
सधै साथ दिन्छ्यौ की नदिनलाई हो माया ।

इन्द्रले नी नजानेको अप्सराको चाला,
माया प्रिती जोडियो अव दिन्छु प्रेमको माला ।

माया लाउने तिम्रो इच्छा सकभर पुरा गर्छु,
अव मन दुलाउदिन तिम्रै भरमा पर्छु ।

महिलाको जन्म लियौ पराइ घर जानर पर्ने,
मन मस्तिष्कले तिम्लाई रोझे भन के गर्ने ।

नाई भने जवरजस्ती मैले गर्ने छैन,
तिम्रो पनि एक्लै बसि जीवन चल्दैन ।

समाप्त

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५
गो.हु.का. द.नं. १/२०७७/०७८


# स्कोडा शोरुममा आइपुग्यो स्कोडा कोडियाक फेसलि□ट, मूल्य १ करोड ७१ लाख

काठमाडौं । स्कोडा शोरुमहरुमा स्कोडाको नयाँ एसयूभी कोडियाक फेसलिफ्ट आइपुगेको छ । द अल्टिमेट यूरोपियन एसयूभीको रुपमा परिचित हेर्दा स्पोर्टी, क्रिस्टललाइन डिजाइन, आफ्नो वर्गमा सबैभन्दा बढी सुरक्षा र 'सिम्पली क्लेभर' पर्फोरेटेड-लेदर सिटहरू समावेश छन्, जसमा तताउने विकल्पको साथ मल्टिवे इलेक्ट्रिक सीट समायोजन छ । क्यान्टोन साउन्ड सिस्टम अर्को वैकल्पिक अतिरिक्त विशेषता हो, जसले ड्यासबोर्डमा केन्द्रीय स्पिकर र बुटमा सबवुफरको अतिरिक्त दस पावर र ३४० एनएम टर्क जेनेरेट गर्छ । यसको सम्पूर्ण फोर व्हीलहरु ७-स्पीड डुअल क्लच ट्रान्समिशनबाट स्वचालित छन् ।

**सुरक्षा, आराम र सहुलियत**

नयाँ कोडियाक अत्याधुनिक सेफ्टी किटहरुका साथ आउँछ, जसमा घुडाको क्लेभर नामक विशेषता सबैका लागि उदाहरणीय छ । पावर न्याप प्याकेज र निकाल्न मिल्ने बुट टर्च पनि यसमा उपलब्ध गरिएको छ । २७० देखि २००५ लिटर (रियर सिट फोल्ड डाउन गर्न मिल्ने) को भोल्युमको साथ स्कोडा कोडियाकले आफ्नो क्लासमा सबैभन्दा



समाधानहरूले भरिपूर्ण नयाँ स्कोडा कोडियाक फेसलिफ्ट सहित अब स्कोडा शोरुमहरूमा उपलब्ध भएको हो ।

कोडियाक सन् २०१८ मा नेपाली बजारमा लन्च भएको थियो । फेसलिफ्टसहितको नयाँ स्कोडा कोडियाक नेपाली बजारका लागि युरोपबाट आयात गरिएको हो । चेक ब्रान्डले कोडियाकको भावनात्मक डिजाइनलाई थप विकास गरी यसको एरोडायनामिक सुधार गरेको छ ।

स्कोडा डिभिजन-एमएडब्लु इन्टरप्राइजका कार्यकारी निर्देशक रौनक अग्रवालले सो अवसरमा नयाँ स्कोडा कोडियाक डिजाइन सौन्दर्य, आराम, इन्जिन र गतिशील क्षमताहरूका साथै पूरै विचार गरेर क्याबिन थपिएको र दैनिक ड्राइभिङ वा रोमाञ्चक अफ-रोड यात्राका लागि उपयुक्त भएको बताए ।

**एक्सटेरियर: पुनःडिजाइन गरिएको फ्रन्ट र अझ रग्ड रुप**

स्कोडाले कोडियाकको अपिरियन्यसमा विशेष परिमार्जन गरेको छ, सफल एसयूभीलाई अझ धेरै रग्ड लुक प्रदान गर्दै यसको एरोडायनामिक्सलाई पनि अनुकूलन/अप्टिमाइज गरेको छ । माथिल्लो र आकर्षक बोनेट र नयाँ डिजाइन गरिएको, थप ठाडो स्कोडा ग्रिलले कारलाई हेर्दा अझ बढी आकर्षक देखाएको छ । एड्याप्टिभ फ्रन्ट हेडलाइट प्रणालीका साथ एलईडी हेडलाइटहरू उल्लेखनीय रूपमा स्लीम छन् र, पुनः व्यवस्थित फग लाइटहरूसँग, अँध्यारोमा पनि राम्रोसँग देखिने सुविधा सिर्जना गर्दछ ।

**इन्टेरियर**

अझ आरामदायी विशेषताहरुले यसको इन्टेरियरलाई पुऱ्याएको छ नयाँ स्तरमा स्कोडाले कोडियाकको भित्री भागलाई नयाँ डेकोरेटिभ स्ट्रिपहरू, थप कन्ट्रास्टीङ स्टिचिङ र परिष्कृत एलईडी एम्बियन्ट लाइटिङ फङ्शन प्रदान गरेर नयाँ स्तरमा लैजान्छ । पहिलो पटक, ठूला एसयूभीका विकल्पहरूको दायरामा एर्गोनोमिक, स्पिकरहरू प्रदान गर्दछ ।

भर्चुअल ककपिट

१०.२५ इन्चको डिस्प्ले र स्टाइलका लागि चार विभिन्न लेआउटका साथ यसमा भर्चुअल ककपिट छ ।

**डिजाइन- यसको पावरफुल क्यारेक्टरको प्रतिबिम्ब**

कोडियाक सबैभन्दा अप्ठ्यारो भूभागहरूमा सजिलैसँग चलाउनको लागि बनाइएको कार मात्र होइन । यसको टोर्नाडो लाइनहरू, सटिक किनारहरू र क्रिस्टललाइनले यसमा विशिष्ट स्टाइल थप्दछ । ब्रान्डले कारको बहुमुखी चरित्र प्रतिबिम्बित गर्ने डिजाइनको साथ आफ्नो नयाँ डिजाइन भाषा एसयूभी सेग्मेन्टमा स्थानान्तरण गर्दछ । स्कोडा कोडियाकमा भएको एलिगेन्ट लाइनहरुको बोल्ड इन्टरप्ले, स्पोर्टी कन्टोर्स र रोबष्टनेशले यसलाई सजिलै चिन्न सकिने बनाउँछ । चौडा, त्रि-आयामी रेडिएटर ग्रिल आकर्षक र साँघुरो छ, रेडिएटर ग्रिलमा नदेखिने गरी पर्फेक्टली प्रवाह हुने ऱ्याङ्क्ड हेडलाइटहरूले स्कोडा कोडियाकलाई एक विशिष्ट रूप दिन्छ ।

***इन्जिन र ट्रान्समिशन***

२.० टिडिआईले १५० पीएस एयरब्यागका साथ ९ एअरब्यागहरु, इबिडिका साथ एबिएस, ब्रेक असिस्ट, मल्टी कोलिजन ब्रेक, चौतर्फि पार्किङ सेन्सर र ब्लाइण्ड स्पोट मोनिटरिङ सिस्टम समावेश छन् । कोडियाकले इलेक्ट्रीकलरुपमा एड्जष्ट गर्न मिल्ने प्यानारामिक सनरुफका साथ नयाँ आयाम रचेको छ, जसले खुलापनको आभाषलाई अझ उजागर गर्छ । यसका साथै यो फ्रन्ट र रियर हिटेड सिट, हिटेड स्टेरिङ व्हील र अन्य चनाखो विशेषताहरुले भरिपूर्ण छ, जसले गर्दा यसले विशिष्ट एसयूभी अनुभूति प्रदान गर्दछ ।

**राइड र ह्याण्डलिङ**

स्कोडा कोडियाक फोर बाई फोर अल-व्हील ड्राइभका साथ ४ वटा ड्राइभिङ मोड विकल्पहरुका साथ आउँछ । स्कोडाको लार्ज एसयूभी त्रिनिटी १८-इन्च व्हीलहरुका साथ सुसज्जित भएर आउँछ ।

**इन्फोटेन्मेन्ट र कनेक्टीभिटी**

यसका साथै यो २०.३२ सिएम सेन्ट्रल इन्फोटेन्मेन्ट प्रणालीका साथ स्टेरिङमा प्रोक्सीमिटी सेन्सर, भ्वाईस कमाण्ड कन्ट्रोल (ध्वनी आदेश नियन्त्रण) र अडियो नियन्त्रणका साथ आउँछ ।

**सामग्री र स्टोरेज**

स्कोडा कोडियाकमा रहेको सिम्प्ली ठूलो बूट प्रदान गर्दछ । यसमा विद्युतीयरुपमा नियन्त्रण गर्न मिल्ने पाँचौं ढोका र किलेस इन्ट्री, स्टार्ट र स्टप बटन उपलब्ध छ । यसका साथै यसमा फुट सेन्सरका साथ भर्चुअल पेडल ओपन र क्लोज द बुट छ ।

स्कोडा कोडियाक यी विशेषताहरुका साथ विभिन्न स्टाइल भेरियन्टमा उपलब्ध छ । यो एसयूभीको मूल्य १ करोड ७१ लाख रुपैयाँ तोकिएको छ

# नेपालमा ओकायाका इलेक्ट्रिक स्कुटर भित्रिने

काठमाडौं । पहिले ओकाया पावर ग्रुप भनेर चिनिने ओकाया इनर्जी एण्ड ई-मोबिलिटी ग्रुप (ओईईजी) ले नेपालभर विद्युतीय दुई पांग्रे सवारी साधन, चार्जिङ ग्रिड र ब्याट्री स्वेपिङ स्टेशन ल्याउनको लागि वृद्धि-



शशीला इलेक्ट्रिकसँग रणनीतिक साझेदारी गरेको छ ।

एक विज्ञप्ति अनुसार यस सम्झौताले वातावरणमैत्री यातायात समाधानहरूको लागि मुलतः नेपाली उपभोक्ताहरुको आवश्यकता र नेपाली बाटो र माटोलाइ सुहाउने स्कुटर भित्र्याउने छ । ५० भन्दा बढी देशहरूमा चार दशकको विशेषज्ञता र उपस्थितिबाट परिमार्जित, ओईईजीको पछिल्लो उत्पादन ओकाया ईभी नेपालमा एकदमै नयाँ, शक्तिशाली र बहुउपयोगी हुने कुरामा विश्वस्त भएको बताएको छ ।

स्कुटरहरुमा ४.४ किलोवाट आवरको कुनै अन्य ई-स्कुटरमा फिट गरिएको भन्दा उच्चतम क्षमताको ब्याट्री उपलब्ध हुन्छ, जसले सिंगल चार्जमा १४० देखि १६० किलोमिटरको यात्रा र ७० किमी प्रतिघण्टाको उच्च गति प्रदान गर्ने बताइएको छ । अन्य जानकारी कम्पनीले केही समय पछि सार्वजनिक गर्ने जनाएको छ ।

वृद्धिको पचास वर्ष भन्दा बढीको सफल व्यापारिक इतिहास छ । यो ग्रुपको प्राथमिक व्यवसायमा अटोमोटिभ, हेभी इक्विपमेन्ट, व्यापार, उत्पादनका साथै वित्तीय संस्थाहरू र बैंकिङ समावेश छन् । शशीला मोटर्स, कमर्सियल गाडीको क्षेत्रको अग्रणी डिलरशिप, एक माइलस्टोन सेन्टर हो जसले सञ्चालनको सात वर्ष भित्र ६ हजार भन्दा बढी गाडीहरू बिक्री गरेको छ ।

किया मोटर्सको डिलरशिप र विभिन्न विश्वव्यापी हेभी उपकरण ब्रान्डहरू यसका अन्य सहकार्यहरू हुन् जसले यसको ग्राहक-केन्द्रित दृष्टिकोणका लागि धेरै प्रशंसा जितेको बताएको छ ।

# सबैभन्दा धैरै बिक्री हुने भ्यान ११ वर्षपछि नयाँ भर्सनमा आउँदै

भारतको सबैभन्दा ठूलो अटो निर्माता कम्पनी मारुती सुजुकी इन्डिया लिमिटेडले यो वर्षको अगस्ट वा सेप्टेम्बरमा ईको भ्यानको नयाँ पुस्ता लन्च गर्नेछ । मिडिया रिपोर्टका अनुसार कम्पनीले ११ वर्षपछि सो भ्यानलाई नयाँ रुपमा पेश गर्न लागेको छ । यसका साथै कम्पनीले भ्यानको निर्यातमा पनि ध्यान केन्द्रित गरेको छ । एचटी अटोको रिपोर्ट अनुसार, मारुती सुजुकी ईको २०२२ मा भारतमा सबैभन्दा धेरै बिक्री हुने १० गाडी मध्ये एक हो । कम्पनीले नयाँ लुकमा आउने भ्यानको बिक्रीमा ठूलो वृद्धि हुने अनुमान गरेको छ । गत आर्थिक वर्षमा कम्पनीले १ हजार युनिटभन्दा कम ईको निर्यात गरेको थियो । यो कारलाई विदेशी बजारमा लोकप्रिय बनाउन कम्पनीले नयाँ पुस्ता ईकोसँग पावर स्टेयरिङ उपलब्ध गराउन लागेको हो । कम्पनीले भ्यान मोडल नयाँ अवतारको साथै पावर स्टेयरिङको सुविधा पनि दिएको छ । स्लाइडिङ ढोकाको कारण यो ७ सिटर मोडलमा उपलब्ध हुनेछ । यो भ्यान पहिलो पटक २०१० मा भारतीय बजारमा आएको थियो र कम्पनीले लन्च भएको २ वर्ष भित्रमा १ लाख भन्दा बढी युनिट बिक्री गर्न सफल भयो । ईकोले २०१८ सम्म देशभर ५ लाख युनिट बिक्री गरेको छ । मार्च ३१, २०२२ सम्ममा कम्पनीले ईको मोडलले घरेलु बजारमा हरेक महिना औसत ९ हजार ५०० भ्यान बिक्री गरेको थियो ।

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं ।
अमुल्य जीवन सुरक्षित गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस